दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३१९ | बुटवल | २०८२ मंसिर १३ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday November 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सरकारी विज्ञापनको भुक्तानीमा मिडिया हाउसको बिल अनिवार्य

बुटवल । सरकारी निकायले 'नागरिकलाई सुसूचित गर्ने' नाममा विज्ञापन एजेन्सीमार्फत् गर्ने अर्बौं रुपैयाँको खर्चमा व्यापक अनियमितता भएको उजुरीपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कडा कदम चालेको छ।अबदेखि सरकारी विज्ञापनको भुक्तानी लिन बिचौलिया (एजेन्सी)को बिल मात्र पेस गरेर नपाइने भएको छ।

अख्तियारको निर्देशन लगत्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबार देशभरका ७५३ वटै स्थानीय तहलाई परिपत्र गर्दै विज्ञापन भुक्तानीमा कडाइ गर्न निर्देशन दिएको हो।

मन्त्रालयले जारी गरेको परिपत्र अनुसार, अब सरकारी निकायले विज्ञापन एजेन्सीमार्फत् पत्रपत्रिका, रेडियो, टेलिभिजन वा अनलाइनमा विज्ञापन प्रकाशन र प्रसारण गर्दा भुक्तानीका लागि दुईवटा बिल अनिवार्य पेस गर्नुपर्नेछ । जसमा सञ्चारमाध्यमले विज्ञापन एजेन्सीको नाममा जारी गरेको सक्कल बिलको प्रतिलिपि पेश गर्नुपर्नेछ भने एजेन्सीले आफ्नो सेवा शुल्क मात्र खुल्ने गरी जारी गरेको बिल पेश गर्नुपर्नेछ। यी दुई बिल भिडाएर, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ र नियमावली, २०७७ को नियम ६ को खण्ड क बमोजिम मात्र भुक्तानी दिन मन्त्रालयले स्थानीय तहलाई परिपत्र गरेको हो । यसअघि एजेन्सीले मिडियालाई थोरै रकम तिरेर सरकारी निकायमा भने चर्को बिल पेस गरी रकम हिनामिना गर्ने गरेको गुनासो आउने गरेको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा 'नागरिकलाई सुसूचित गर्न विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने कार्यमा मिलेमतो गरी अर्बौं रकम अनियमितता गरेको' भन्दै उजुरी परेको थियो । त्यसै उजुरीमाथि छानबिन गर्दै आयोगले यही मंसिर ७ गते विज्ञापन भुक्तानी प्रक्रियालाई पारदर्शी बनाउन सरकारलाई सुझाव दिने निर्णय गरेको थियो । अख्तियारको त्यसै निर्णयलाई कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंसिर ८ गते सबै मन्त्रालय र निकायलाई पत्राचार गरेको थियो । त्यसैअन्तरगत सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई यो नियम तत्काल लागू गर्न परिपत्र गरेको हो । यो व्यवस्था लागू भएसँगै विज्ञापन एजेन्सीले सरकारी निकायसँग मनलाग्दी रकम असुल्ने बाटो बन्द हुने अख्तियारको अपेक्षा छ।

सरकारी ढुकुटीको दुरुपयोग रोकिने र वास्तविक सञ्चारमाध्यमले पाउने रकम तथा एजेन्सीले पाउने सेवा शुल्कमा पारदर्शिता कायम हुने अख्तियारको विश्वास छ।

## एमालेमा आज प्रतिनिधि चुनिदैं

बुटवल । एमालेको आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा सहभागी हुने प्रतिनिधि आज छनौट हुँदैछन् । महाधिवेशनका लागि देशभर एकैदिन यही मंसिर १३ गते प्रतिनिधि चयन गर्ने मिति तोकिएको हो। कतिपय जिल्लामा सर्वसम्मति र निर्विरोधरुपमा प्रतिनिधि चयन भएका छन् ।

रुपन्देहीका पाँच क्षेत्र मध्ये क्षेत्र नम्बर ३ मा सर्वसम्मत प्रतिनिधि चयन भएका छन्। जसअनुसार, राजेन्द्र पन्थी, पम्फावती खनाल, चक्र थापा, नरबहादुर घर्ती, अयोध्या थारु र कमला ज्ञवाली भण्डारी प्रतिनिधि चुनिएको एमाले सिद्धार्थनगर नगर कमिटी अध्यक्ष चक्र थापाले जानकारी दिए। क्षेत्र नम्बर ५ मा प्रतिनिधिका उम्मेदवारहरुले सर्वसम्मत छनौटका लागि केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकाललाई जिम्मा दिएका छन्। रूपन्देही क्षेत्र नम्बर २ मा सर्वसम्मतको पहल भएपनि निष्कर्ष निस्कन सकेको छैन। शनिबार बिहानसम्म सर्वसम्मतको पहल गर्ने र सम्भव नभए चुनावबाट प्रतिनिधि चुनिने नेताहरुले बताएका छन्।

छनोट भएका प्रतिनिधिको नाम यही मङ्सिर १५ गतेभित्र संगठन विभागमा बुझाइसक्नुपर्ने एमाले केन्द्रीय कार्यालयका सचिव डा. भिष्म अधिकारीले जानकारी दिए।

एमाले अध्यक्षमा केपी शर्मा ओली र इश्वर पोखरेल भिड्दैछन् । अरु पदाधिकारीको टुंगो लागेको छैन्। प्रतिनिधि चयन पछि पदाधिकारीका प्यानल बन्ने नेताहरुले बताएका छन् । यही मंसिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुने एमालेको महाधिवेशनमा आयोजक, निर्वाचन क्षेत्रीय कमिटी (खुला), जनसंगठन, युवा, दलित, महिला, प्रवास क्षेत्रबाट गरी करिब २ हजार २ सय प्रतिनिधि सहभागी हुँदैछन्।

## पूर्व एआइजी विश्वराज रास्वपामा

बुटवल । नेपाल प्रहरीका पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक (एआइजी) विश्वराज पोखरेल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् । शुक्रबार रास्वपाको पार्टी कार्यालय वनस्थलीमा एक कार्यक्रमका बिच पोखरेल पार्टी प्रवेश गरेका हुन्।

पोखरेल नेपाल प्रहरीको आइजीपीका बलियो प्रतिस्पर्धी थिए । १६ महिना सिनियर पोखरेललाई पछि पार्दै शेरबहादुर देउवा नेतृत्वको सरकारले धिरजप्रताप सिंहलाई आइजीपी बनाएपछि असन्तुष्ट बनेका पोखरेलले राजीनामा गरेका थिए।

रास्वपा प्रवेश गर्दै पोखरेलले मुलुकको समृद्धि र सुशासन कायम गर्ने पार्टी रास्वपा मात्रै भएको बताए। जनताको आशा र भरोसा बोकेको पार्टीको सदस्यता लिन पाउँदा आफूलाई खुसी लागेको उनले बताए।

# करहिया सामुदायिक वनमा चार करोड लागतको पर्यटकीय पार्क बन्दै

**कूल चार करोड लागतको गुरुयोजनाअनुसार हाल एक बिघामा बनिरहेको पार्क भविष्यमा क्षेत्रफल बढाएर विस्तार गर्ने लक्ष्य छ।**



**टिआर शर्मा**
*तिलोत्तमा*

तिलोत्तमाको करहिया सामुदायिक वनमा चार करोड लागतको गुरुयोजना बनाएर पर्यटकीय पार्क (उद्यान) बनेको छ। वडा नं. ८ स्थितवन समितिको कार्यालयसँगैको खुला ठाउँमा २०७९ सालबाट आकर्षक पार्क बनिरहेको हो । वन समितिले उक्त ठाउँमा आन्तरिक र बाह्य पर्यटक भित्राउने र पर्यापर्यटनको प्रवर्धन गर्ने उद्देश्यसहित हरियाली पार्क निर्माण गरेको हो।

वन समिति, तिलोत्तमा नगरपालिका र डिभिजन वन कार्यालयको समेत आर्थिक सहयोगमा पार्क निर्माण कार्य अघि बढेको समूहका अध्यक्ष हरिलाल पाण्डेले बताए । हालसम्म पार्कमा सौन्दर्यीकरण गर्न करिब एक करोड खर्च भएको पाण्डेले बताए।

भविष्यमा एक बिघाबाट क्षेत्रफल बढाएर पार्कलाई थप विस्तार गर्ने लक्ष्यसहित करिब ४ करोड लागतको गुरुयोजना बनेको र क्रमशः काम अघि बढाइने पार्क निर्माण समिति संयोजक बाबुराम खरेलले बताए।

पार्कको निर्माणले वन क्षेत्रको व्यवस्थित उपयोग, पर्यापर्यटन प्रवर्धन तथा स्थानीय आय-आर्जनका नयाँ अवसर सिर्जना गर्ने उनले बताए । पार्कमा कंक्रिटजन्यभन्दा प्राकृतिक संरचना निर्माणलाई महत्व दिइएको छ। पार्कमा बुद्धको मूर्ति पानीको फोहोरालगायतका संरचना बनाउन बाँकी रहेको खरेलले बताए।

पार्कको निर्माणलेशहरोन्मुख ग्रामीण क्षेत्रमा प्रकृतिसँग रमाउन चाहनेहरुका लागि उत्साहित बनाएको स्थानीयको भनाइ छ।

डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविण बिडारीले शहरी क्षेत्रका सामुदायिक वनमा कम्तिमा एउटा पार्क बनाउने सरकारको योजनाअनुसार करहिया वनले पनि पार्क निर्माण अघि बढाउनु सकारात्मक भएको बताए।

वन समितिले पार्क नजिकै पिननिक स्पट समेत निर्माण गरेको छ। पार्कमा बालबालिकाका लागि खेलकुद सामग्री, विश्रामका लागि हरियालीयुक्त बगैँचा, पदमार्गलगायतका विविध संरचनाहरू निर्माण हुँदैछन् । तिलोत्तमा नगरपालिकाले पार्क निर्माणका लागि निरन्तर आर्थिक सहयोग गर्दै आएको वडाध्यक्ष कृष्णप्रसाद पौडेलले बताए।

यो पार्कले पर्यावरण संरक्षणसँगै गाउँको पहिचान बढ्नुका साथै पर्यटन विकासका अवसर सिर्जना हुने स्थानीयको अपेक्षा छ । निर्माणाधीन पार्क पूर्व पश्चिम राजमार्गको बुटवल-देवदह खण्डअन्तर्गत फायरलाइनबाट दक्षिण र मणिग्राम-देवदह मार्गबाट उत्तर नजिकको दूरीमा छ । पार्कको डिजाइन पुष्प व्यवसायी रमेश पाण्डेले गरिरहेका छन्। उनले यो पार्कलाई रुपन्देहीकै नमूना र आकर्षक बनाउने गरी काम भइरहेको बताए।

### लुम्बिनीमा बढ्दो सवारी दुर्घटना :

# चार महिनामै १७६ जनाको मृत्यु



**आचार्य प्रदीप**
*बुटवल*

लुम्बिनी प्रदेशमा सवारी दुर्घटनाको अवस्था दिनप्रतिदिन गम्भीर बन्दै गएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को कार्तिक मसान्तसम्मका चार महिनाको अवधिमा प्रदेशभर १७६ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका छन्। यो तथ्यांक प्रदेशकै लागि मात्र होइन, सम्पूर्ण देशका लागि पनि चिन्ताजनक संकेतका रूपमा देखिएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका अनुसार यस अवधिमा लुम्बिनी भरी २,३७० वटा सवारी दुर्घटना दर्ता भएका छन्। ती दुर्घटनामा ४,०८२ जना घाइते भएका छन्।

ट्राफिक कार्यालयका डीएसपी दिपेश बस्यालका अनुसार दुर्घटनाको संख्या र प्रभाव दुवै पछिल्ला वर्षहरूमा बढ्दो क्रममा देखिएका छन्, जसले प्रदेशमा सडक सुरक्षा चुनौती झनै गम्भीर बन्दै गएको प्रमाणित गर्छ । रुपन्देही उच्च जोखिममा, बाँके र बर्दियासमेत संवेदनशील प्रदेशका १२ जिल्लामध्ये सबैभन्दा बढी दुर्घटना रुपन्देहीमा भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका डीएसपी दिपेश बस्यालले जानकारी दिए। यहाँ मात्रै ७८९ दुर्घटना रेकर्ड गरिएका छन्, जुन प्रदेशको कुल दुर्घटनाको उल्लेख्य हिस्सा हो। भौगोलिक रूपमा सञ्झ्याल समान समथर भूभाग, भरपर्दो सडक सञ्जाल र बाक्लो सवारी चापले रुपन्देहीलाई 'हाई-रिस्क जोन'का रूपमा चिनाएको छ।

त्यसपछि बाँके (४०५), बर्दिया (२८८) र कपिलवस्तु (२६१) क्रमशः बढी दुर्घटना हुने जिल्लामा परेका छन् । नवलपरासी पश्चिममा २९२, दाङमा १६६, पाल्पामा ६९, गुल्मीमा ३१, अर्घाखाँचीमा ३३, प्यूठानमामा ५०, रोल्पामा ५७ र रुकुम पूर्वमा १० दुर्घटना भएका छन्।

**मृत्यु हुने पनि रूपन्देहीमा नै धेरै**

दुर्घटनाबाट हुने मृत्युका आधारमा हेर्दा पनि रुपन्देही नै अग्रभागमा रहेको छ। यहाँ मात्रै ५५ जनाले ज्यान गुमाएका छन्। त्यस्तै, कपिलबस्तुमा २९, दाङमा २८, बाँकेमा १९, बर्दियामा १३ जनाको मृत्यु भएको छ। नवलपरासी पश्चिममा १०, अर्घाखाँचीमा ८, प्यूठानमा ७, पाल्पामा ६, गुल्मीमा ५ तथा रोल्पा र रुकुम पूर्वमा २-२ जनाको ज्यान गएको छ।

मृत्युका घटनाभन्दा पनि घाइते हुनेको संख्या अत्यन्तै ठूलो छ। रुपन्देहीमा मात्रै १,२५४ जना घाइते भएका छन्, जसमा गम्भीर घाइते धेरै रहेको ट्राफिक कार्यालयले बताएको छ। बाँकेमा ७४६, कपिलवस्तुमा ५००, बर्दियामा ४९३, नवलपरासी पश्चिममा ३७६, दाङमा २४९, पाल्पामा १३८, रोल्पामा ९७, अर्घाखाँचीमा ८२, प्यूठानमा ८०, गुल्मीमा ५० र रुकुम पूर्वमा २५ जना घाइते भएका छन्। यी घाइतेमध्ये धेरैलाई लामो समय उपचार आवश्यक पर्ने, अंगभंग हुने, आर्थिक तथा मानसिक संकटको सामना गर्नुपर्ने अवस्था सिर्जना भएको स्वास्थ्य संस्थाहरूले जनाएका छन्।

**३४ हजारभन्दा बढी सवारी साधनमाथि कारबाही**

सडक अनुशासन कायम गर्न ट्राफिक प्रहरीले चार महिनामा ३४ हजार ४ सय ९६ सवारी साधनलाई विभिन्न नियम उल्लंघनमा कारबाही गरेको छ । यसरी गरिएको कारबाहीबाट ३ करोड ३९ लाख ७८ हजार रुपैयाँ राजस्व सङ्कलन गरिएको कार्यालयले जनाएको छ। ट्राफिक प्रहरीका अनुसार बढ्दो दुर्घटना दर रोक्न अझ कडा निगरानी, प्रविधि आधारित कारबाही तथा जनचेतनामूलक गतिविधि थप प्रभावकारी रूपमा विस्तार गरिने योजना रहेको कार्यालय प्रमुख मित्रबन्धु शर्माले जानकारी दिए। ओभरस्पिड, लेन अनुशासन उल्लंघन, अवैध पार्किङ, मदिरापान, कागजात अपूरोलगायतका कारणले सवारी कारवाहीमा परेको शर्माले जानकारी दिए।

दुर्घटनाको बढ्दो अवस्थालाई ध्यानमा राख्दै ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षको पहिलो चार महिनामा २ हजार ५ सय ८१ वटा सचेतना कार्यक्रम चलाएको छ । यी कार्यक्रममार्फत १ लाख ३३ हजार ८ सय ४६ जनाले प्रत्यक्ष लाभ लिएको कार्यालयले बताएको छ। कार्यक्रमहरूमा ट्राफिक नियमको अनिवार्य पालना, हेल्मेट/सिटबेल्ट प्रयोग, ओभरस्पिड र ओभरलोड नहुने, मदिरापानपछि सवारी नचलाउने, यात्रुका लागि सुरक्षित सडक अनुशासन, विद्यालय, कलेज, सार्वजनिक स्थल, यातायात पार्क तथा संघ-संस्थाहरूमा गरी सचेतना अभियान सक्रिय रूपमा चलेको कार्यालय प्रमुख शर्माले जानकारी दिए।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८२ मंसिर १३ गते, शनिबार

तपाईंका लागि...



**बिट्विन द लाइन्स्...**

ए मान्छे !
च्यातिएका वाक्यका टुक्राहरूका
पटक-पटकमा बेग्लाबेग्लै अर्थ नलाऊ
मैले आफ्नै कहानी बिर्सिसकेकी छु।

– वानिरा गिरि
('म एउटा च्यातिएको पोस्टर'
कविताबाट)

क्लासिक कथा

# इभान इल्यीचको मृत्यु– ५

**लेभ तोल्सतोइ**

(१९ औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ। नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन्, तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ। लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो तर ती बजारमा दुर्लभप्राय छन्। सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो। ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो। उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन्। पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ। कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो। त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ।)

यस प्रकार एक-दुई महिना बितिहाल्यो। नयाँ वर्ष शुरु हुनुभन्दा केही दिनअगाडि उनका जेठान त्यस शहरमा आइपुग्यो र सरासर उनैको डेरामा दाखिल भयो। त्यतिखेर इभान इल्यीच अदालतमा थिए। प्रस्कोभ्या फ्योदोरोभ्ना किनमेल गर्न बजारतिर गइराखेकी थिइन्। घर पुग्दा इभान इल्यीचले आफ्नो अध्ययन-कक्षमा आफ्ना जेठानलाई आफै सुटकेशबाट सामान झिकेर मिलाउन लागेको देखे। कस्तो हँसिलो मान्छे ! इभान इल्यीचको पाइलाको आवाज सुन्नेबित्तिकै उसले आफ्नो टाउको माथि उचाल्यो र इभान इल्यीचमाथि नजर पर्नासाथै विस्मित भएर पुलुक्क हेऱ्यो। उसको त्यस्तो नजरबाट नै इभान इल्यीचले सब कुरा बुझिहाले। उनको जेठानले कुन्नि के भन्न खोजेको थियो तर केही पनि बोलेन। यस्तो चालढालबाट त कुरा अझ छर्लङ्ग भयो।

"के निकै फेरिएको छु र ?"

"हो...केही त बद्लिनुभएछ !"

बस्, त्यसपछि इभान इल्यीचले आफ्नो बाहिरी रुपमा आएको परिवर्तनबारे कुरा थुत्ने अनेक प्रयास गर्दा पनि जेठानको मुखबाट कुनै कुरा बकाउन सकिएन। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि आइपुगिन् र जेठान पनि उनैकहाँ पुग्यो। इभान इल्यीचले दैलो थुनिदिए र हल्पी ऐनामा आफ्नो अनुहार हेर्न लागे–शुरुमा आमने-सामने, त्यसपछि चाहिं छड्के परेर ! त्यसपछि उनले एउटा तस्बीर हातमा लिए जुन उनले आफ्नो पत्नीसँगै बसेर खिचाएका थिए। अनि त्यस तस्बीरमा आफ्नो अनुहार दाँज्न लागे। भयानक परिवर्तन टड्कारै देखिन्थ्यो। कुमसम्म नै आफ्नो कमीजको बाहुला समेटेर उनले आफ्नो पाखुरा जाँचे र बाहुला फेरि तल झारिदिए। त्यसपछि उनी निराश भएर कौचमा थचक्क बसे। उनको अनुहार कालोनीलो भैसकेको थियो।

"अहँ ! यस्तो गर्नुहुँदैन !"– मनमनै भनेर उनी जुरूक्क उठे। अनि टेबिलको नजिकै पुगेर एउटा मिसिल झिकेर त्यसका कागजातहरू पढ्न लागे। तर पढ्नमा उनको ध्यान गइरहेकै थिएन। त्यसपछि दैलो उघारेर उनी बैठककोठातिर लागे। बैठककोठाको दैलो बन्द गरिएको थियो। उनी चाल मारेर दैलोसम्म पुगे र कान थापेर कुरा सुन्न लागे।

"हैन, तपाई अलि बढाई-चढाई भनिरहुनभएको छ !"– प्रस्कोभ्या फ्योदोरोभ्ना भनिरहेकी थिइन्।

"बढाई-चढाई ? के तिमी देख्दिनौ र ? उनको अनुहारमा रगत समेत सुकिसकेको छ– मुर्दाको जस्तै ! उनका आँखामा त हेर ! त्यहाँ कुनै ज्योति नै देखिंदैन। के भयो उनलाई यस्तो ?"

"कसैलाई केही थाहा छैन ! निकोलायेभ (एक अर्को डाक्टर) ले के हो कुन्नि बताएका थिए, तर मलाई थाहा भएन।...लेश्चेतिस्की (प्रसिद्ध डाक्टर)ले चाहिं एकदमै अर्कै कुरा बताए।..."

इभान इल्यीच दैलोबाट पर सरे। सोझै आफ्नो कोठामा पुगेर उनी बिछ्यौनामा पल्टिए र सोच्न लागेः "मिर्गौला ! मिर्गौलाको गडबडी !" उनलाई डाक्टरले भनेको एक-एक कुराको सम्झना भएर आयो। मानौं एउटा मिर्गौला आफ्नो ठाउँबाट चुँडिएर यताउति भौतारिंदै थियो। त्यस मिर्गौलालाई च्याप्प समातेर त्यसकै ठाउँमा टाँसिदिएको उनी कल्पना गर्न पुगे। यो काम उनलाई असाध्यै सहज लागिरहेको थियोः 'आजै म फेरि प्योत्र इभानोभिचकहाँ पुग्नेछु !' (त्यो उनको त्यही साथी थियो जसको एक डाक्टरसित मित्रता थियो।) उनले घण्टी बजाए, गाडी तैयार गर्ने आदेश दिए र बाहिर निस्कने तरखर गर्न लागे।

"टाढै हो कि क्या हो ?"– उनकी पत्नीले दिक्दार प्रकट गर्दै सोधिन्। आज उनको स्वरमा एक असाधारण दयाभाव झल्किरहेको थियो।

यो असाधारण दयाभाव उनलाई राम्रो लागेन। उनले आँखा तरेर आफ्नी पत्नीतर्फ उदासीन नजर फ्याँके।

"प्योत्र इभानोभिचकहाँ जानुपर्ने एउटा काम छ।"

उनी आफ्नो त्यस साथीकहाँ पुगे जसको एक डाक्टरसँग मैत्री थियो। अनि दुवै त्यही डाक्टरकहाँ पगे। डाक्टर पनि घरैमा भेटियो। इभान इल्यीच निकै बेरसम्म त्यस डाक्टरसँग कुराकानी गर्दैरहे।

उनको शारीरिक तथा आन्तरिक अवयवको गतिविधिको सम्बन्धमा डाक्टरले विस्तृत रूपमा बताएपछि इभान इल्यीचलाई सारा कुरा छर्लङ्ग भइहाल्यो।

बोसेआन्द्रोमा कुनै गडबडी थियो, कुनै एकदमै सानो खटिरा निस्केको थियो। त्यसको उपचार हुन सक्थ्यो। एउटा अवयवको क्रिया केही तीव्र पारेर अर्को अवयवको क्रिया अलि कमजोर तुल्याउनु जरूरी थियो। त्यस खटिरालाई यसरी निचार्न सकिन्थ्यो। यति गरेपछि सब कुरा ठीक भैहाल्ने थियो।

इभान इल्यीच खाना खाने समयभन्दा केही पछि मात्रै घर पुगे। उनले भोजन गरे र केही समयसम्म खुशी हुँदै कुराकानी गर्दैरहे। उनी निकै बेरसम्म आफ्नो कोठामा काम गर्न गएनन्। आखिर उनी उठे, अध्ययन-कक्षमा बसे र काममा लागिहालें। उनले केही मिसिलहरू हेरे र खुब तल्लीनका साथ काम गरे, परन्तु उनको मनमा एउटै कुराले मात्र चक्कर काटिरहेको थियो। त्यो के त भने एउटा यस्तो अत्यन्त जरुरी र निजी मामिला पनि छ जसमाथि विचार गर्न हाल उनले स्थगित राखेका छन्। मुद्दामामिलाको काम सकिएपछि त्यस कामपट्टि लागिहाल्नुपर्नेछ। काम समाप्त भएपछि उनलाई आफ्नो निजी मामिलाको पनि झल्यास्स सम्झना भएर आयो। आफ्नो बोसेआन्द्राको अवस्थाउपर सोचविचार गर्नु नै त्यो निजी मामिला थियो। तर उनले त्यसतर्फबाट आफ्नो ध्यान अन्यत्र नै हटाए। यसको सट्टा चियापानको लागि उनी बैठककोठामा पुगे। त्यहाँ पाहुनाहरू बसिराखेका थिए र हँसीठट्टा एवं गानाबाजा चलिरहेको थियो। कोही पेनो बजाउँदै थिए त कोही गीत गाउँदै थिए। ती पाहुनाहरूमध्ये अनुसन्धान-निरीक्षक पनि एक जना थियो जसलाई उनी आफ्नो सुपुत्रीको लागि सुयोग्य वर ठान्नेगर्थे। प्रस्कोभ्या फ्योदोरोभ्नाको भनाइअनुसार त्यस साँझ इभान इल्यीच अरुको दाँजोमा बढी खुशी देखिन्थे। किन्तु इभान इल्यीचले भने आफ्नो बोसेआन्द्रोको विषयमा सोचविचार गर्ने काम स्थगित राखिएको कुरा एक छिनको लागि पनि बिर्सिन सकेका थिएनन्। एघार बजेतिर उनी सबैसँग बिदाबारी भएर आफ्नो कोठामा गए। आफू बिरामी भएदेखि नै उनी आफ्नो अध्ययन-कक्षको बगलमै रहेको सानो कोठामा एक्लै सुत्ने गर्थे। उनी त्यसै कोठामा पसे, अनि लुगा फुकाले र जोलाको एउटा उपन्यास हातमा लिए, परन्तु उनी त्यो उपन्यास पढ्नुको साटो आफ्नो विचारहरूको भुमरीमा बेपत्ता भैहाले। आफ्नो बोसे आन्द्राको चिरइच्छित उपचार भैसकेको छ भन्ने उनी कल्पना गर्न लागे। जुन खटिरा निचोर्नु थियो सो निचोरिइसकेको थियो र जुन कुरा घोलिनुपर्ने थियो सो पनि घोलिइसकेको थियो र अब उनको शरीरले फेरि नियमित रुपमा काम गर्न थालिसकेको थियो भन्ने उनलाई लागिरहेको थियो। 'हो, जरुर यस्तै हो ! प्रकृतिलाई मद्दत गर्नु हाम्रो काम हो !'–उनले मनमनै भने। यत्तिकैमा उनलाई औषधिको सम्झना भएर आयो। जुरुक्क उठेर उनले औषधि खाए, अनि उत्तानो परेर पल्टिदै ओखतीले कस्तो असर पारिरहेको छ र कसरी कोखाको पीडा बिलाएर जाँदो छ भन्ने अनुभव गर्न लागे। 'अनुपात मिलाएर औषधि खाँदै गर्नुपर्छ र पथपरहेजमा पनि रहनुपर्छ। अहिले नै म आफूलाई स्वस्थ र निकै आरोगी अनुभव गर्न लागरिहेको छु।' उनले आफ्नो कोखा छामेर हेरे। त्यहाँ थिच्दा अलिकति पनि दुखेको थिएन। 'अँ, मलाई दुखेको कत्ति अनुभव भइरहेको छैन। साँच्ची, पहिलेभन्दा निकै बिसेक भइसकेको छ !' उनले बत्ती निभाइदिए र अर्कोतर्फ कोल्टे फेरे। बोसेआन्द्राको गडबडी ठीक हुँदैथियो, खटिरा निको हुँदैथियो।...एक्कासि उनलाई फेरि भित्री पीडाको झस्को भयो–सुस्तसुस्त, निरन्तर र गहन पीडा ! मुखको स्वाद पनि पहिले जस्तै खल्लो भयो। उनको मन कुढियो र टाउको चक्कराउन लाग्यो। 'हे भगवान् ! हे परमात्मा !'– उनी गुनगुनाउन लागे।– 'यो त फेरि शुरु भैहाल्यो। यो कहिल्यै पनि निको हुँदैन क्या रे !' एकाएक सबै कुरालाई उनी अर्कै रुपमा देख्न लागे। 'बोसेआन्द्रो ! ...मिर्गौला !'–उनले मनमनै विचार गरे।– 'यो बोसेआन्द्राको कुरा होइन ! न त यो मिर्गौलाको कुरा हो ! यो त जीवन र ...मरणको पो त सवाल हो ! हो, कुनै बखत यस्तो पनि थियो जुन बेला जीवन भरपूर थियो। अब त त्यो खिइँदै जाँदो छ, खत्तम हुँदैछ र म त्यसलाई कसै गरी रोकेर राख्न पनि सक्तिनँ ! किन मैले आफूलाई आफैले धोका दिने र ? म बाहेक अरु सबैलाई म बिस्तार-बिस्तार मृत्युको घाटतिर घिस्रिंदै छु भन्ने छर्लङ्ग नै भैसकेको छ। अब केही हप्ता, केही दिन वा सके केही घण्टाकै न कुरो हो ! कुनै बेला उज्यालो थियो, अब त अँध्यारो भैसक्यो। पहिले म यहाँ थिए, अब त म त्यहाँ जाँदैछु ! कहाँ जाँदैछु ?' उनको आङभरि चिटचिट पसिना आयो र उनलाई सास फेर्न समेत आच्छु आच्छु पर्न थाल्यो। आफ्नो मुटुको धुकधुक बाहेक अरू कुनै कुरा पनि सुन्न छोडिसकेका थिए उनले।

'मेरो अस्तित्व बिलाएर जानेछ। अनि के बाँकी रहला ? केही पनि रहनेछैन। म मरेपछि कहाँ हुनेछु ? के यो वास्तवमा नै मृत्यु नै हो त ? अहँ, म मर्न चाहन्न !' उनी बत्ती बाल्न भनेर जुरुक्क उठे र कामेको हातले मैनबत्ती छामछाम छुमछुम गर्न लागे। मैनबत्ती र पानस पनि उनको हातबाट भुइँमा खस्यो र उनी फेरि बिछ्यौनामा नै लमतन्न परेर पल्टिए। अनि आँखा फारेर अँध्यारोमा चियाउँदै उनी बडबडाउन लागेः 'के फरक पर्छ र ? एउटै कुरो त हो ! मृत्यु ! उनीहरूमध्ये कसैलाई पनि थाहा छैन, न त कोही थाहा पाउन नै चाहन्छ। उनीहरूलाई मेरो कुनै चासो छैन। उनीहरू त गानाबजानामा नै मस्त छन्।' (थुनिएको दैलो पछिल्तिरबाट गानाको स्वर र पेनोबाजाको धुन सुनिंदैथियो।) 'उनीहरूलाई वास्ता छैन, तर उनीहरू त आखिर अजम्बरी होइनन्। पागलहरू ! पहिले म मरेर जानेछु, अनि यिनीहरूको पालो आउनेछ। मृत्युको घाटतिर यिनीहरूले पनि नगई सुख छैन। तर यी खुशियाली मनाउँदैछन् ! नरपशुहरू !' रीसले मुर्मुरिएर उनको घाँटी बन्द हुन लागिरहेको थियो। अनि उनलाई असह्य पीडा र घोर निराशाको अनुभव भयो। हरेकले यस्तो भयानक आतंकको मारमा नपरी धरै छैन भन्ने उनलाई विश्वास नै लागिरहेको थिएन। उनी बिछ्यौनाबाट अलि उठे।

'कते केही मिलेको छैन। मन नै ठेगानामा छैन। सबभन्दा पहिले मन नै सम्हाल्नुपर्छ, अनि शुरुबाट नै सारा कुराको सोचविचार पनि गर्नुपर्छ।' त्यसपछि उनी विचार गर्न लागे। 'अँ, मेरो रोग कहाँबाट शुरु भयो? मेरो कम्मरमा ठक्कर लाग्यो, तर त्यतिखेर मलाई कुनै प्रकारको पीडाको अनुभव भएको थिएन। दोस्रो दिन पनि त्यस्तै नै रह्यो। त्यसपछि अलिअलि दुख लाग्यो। त्यो दुखाइ बढ्दैगयो। त्यसपछि त म डाक्टरहरूकहाँ जान लागिहाले। अनि म हतोत्साह र निराश हुन थालें। फेरि डाक्टरहरूको सरसल्लाह लिन थाले। म बिस्तार-बिस्तार खाल्डोको झन् नजिकै पुगियो। अहिले आएर म त्यसको डीलमा नै पुगिसकेको छु। अब त अस्थिपञ्जर मात्र बाँकी रहन गएको छु। मेरो आँखाको चमक समेत बिलाइसक्यो। यो मृत्युको घडी हो। तर म चाहिं अझै पनि आफ्नो बोसेआन्द्रोको बारेमा सोच्दैछु। तर मृत्यु मेरो अगिल्तिरै उभिएको छ। के साँच्चीकै मृत्यु नै हो त यो ?' उनी डरले झसंग झस्किए। उनको सास बढेर आयो। उनी अलि झुकेर सलाई खोज्न लागे, तर पलंगको छेवैमा राखिएको त्रिपाईमा उनको हातको कुहिनो ठक्कर खान पुग्यो। त्रिपाईले बाधा पुऱ्याइरहेको थियो र कुहिनोमा पनि दुखेको उनी अनुभव गर्दैथिए। उनलाई जडङ्ग रीस आइहाल्यो र उनले जोडले त्रिपाईमा मुड्की बजारे। त्रिपाई बुङ्ग पल्टियो। ज्यादै हतोत्साह भएर उनी स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै फेरि उत्तानो परेर पल्टिए। त्यतिखेर नै मृत्युले अँगालिहाल्नेछ भन्ने उनलाई लागिरहेको थियो।

पाहुनाहरू आ-आफ्ना घरतिर जान लागेका थिए। प्रस्कोभ्या फ्योदोरोभ्ना उनीहरूलाई बिदा गर्दैथिइन्। ठीक त्यतिखेर नै उनले त्रिपाई ढलेको आवाज सुनिन् र उनी कोठामा पसिन्।

"के भयो ?"

"केही भएको छैन। अचानक त्रिपाई ढाल्न पुगें।"

उनी बाहिर निस्किन् र एउटा मैनबत्ती बालेर ल्याइन्। बिछ्यौनामा उनका पति लमतन्न परेर पल्टिरहेका थिए र लामो-लामो सास फेर्दैथिए, मानौं निकै लामो बाटो दगुरेर पार गर्नुपरेको होस् ! उनी एकटक लगाएर आफ्नी पत्नीलाई हेरिरहेका थिए।

"के भयो, जीन ?"

"के...ही हैन ! ढल्यो !"

'किन बताउने र ? जब यसले बुझ्दै बुझ्दिन।'–उनले सोचे।

उनले बुझ्दा पनि बुझिनन्। उनले ढलेको त्रिपाई उठाएर राखिन्, मैनबत्ती बालिदिइन् र झटपट बाहिर निस्किहालिन्। उनी आफ्ना पाहुनाहरूलाई बिदा गर्न हतारिएकी थिइन्।

उनी फर्केर आउँदा पनि उनका पति चाहिं उत्तानो परेर पल्टिएको पल्टियै छततिर ट्वाल्ल परेर ताकिरहेका थिए।

"कुरा के हो ? कतै बिसन्चो त बढेको छैन ?"

"हो !"

उनी टाउको हल्लाउँदै बसिन्।

"कसो, जीन ? डाक्टर लेश्चेतित्स्कीलाई हाम्रै घरमा बोलाउनु ठीन नहोला र ?"

एक नाम चलेको डाक्टरलाई घरैमा डाक्नुको मतलब हुन्थ्यो–पैसा बेसरी खर्च गर्नु। उनको मुखमा एक तीतो व्यंग झल्कने मुस्कान देखापऱ्यो र उनले ठाडै इन्कार गर्दै भनेः "अहँ !" प्रस्कोभ्या फ्योदोरोभ्ना केही बेरसम्म हलचल नगरेर बसिरहिन्, अनि पतिको नजिक गएर उनको निधारमा चुम्बन गरिन्।

उनको यस्तो चुम्बनबाट इभान इल्यीचको अन्तरात्मा नै घृणाले भरिपूर्ण भयो। बडो मुस्किलले आफूलाई उनले रोके, नत्र भने पत्नीलाई परसम्म धकेलिदिन पनि बेर लाग्नेथिएन।

"अहिले म जान्छु। भगवान्को कृपादृष्टि रह्यो भने तपाईलाई राति राम्रो नींद लाग्ने नै छ।"

"हुन्छ, जाऊ !"

(क्रमश...)

संस्मरण

# गुण्टा बोकेर गल्ली गल्ली

**छविलाल पाठक**

२०३५ सालको आसारमा एसएलसीको नतिजा निस्कियो। केही समयपछि मार्कसिट पनि आयो। धमाधम क्याम्पसमा भर्ना खुल्यो। म भने के विषय पढ्ने भनेर अलमलमा परेको थिएँ। साइल्दाइले आफूसँग भारत आसामतिर गएर पढ्न भन्नुहुन्थ्यो भने माइल्दाइले बम्बै। सुरेश कसौधन सरले गोरखपुर गएर साइन्स पढ्न सुझाउथेँ भने लोकनाथ सर र पशुपति सरले काठमाडौं गएर इन्जिनियरिङ पढ्ने सल्लाह दिन्थे। कसैकसैले पुलचोक क्याम्पसमा पढे ओभरसियर मात्र भइन्छ, साइन्स पढे जे पढे पनि बाटो खुला हुन्छ भन्थे। म अलमलमा रुमल्लिरहेको थिएँ। अन्त्यमा पाएसम्म पुलचोक क्याम्पसमा इञ्जिनियरिङ पढेर ओभरसियर बन्ने र पछि इञ्जिनियर बन्ने विचार गरैं। हिंड्नेबेलामा लोकनाथ सरले अलिकति खर्च दिए र पशुपति सरले त्रिविविमा पढ्ने आफ्नो भान्जालाई सक्दो सहयोग गर्न भनी चिठी लेखिदिए। झिटीगुण्टा बोकेर म क्याम्पस पढ्न काठमाडौं हिंडे। पहिलो दिन बुटवल, भोलीपल्ट पोखरा र पर्सीपल्ट दिउँसै काठमाडौं।

म २०३२ सालमा विद्यालयले लगेको शैक्षिक भ्रमणमा एकपटक मात्र काठमाडौं गएको थिएँ। त्योभन्दा अर्को अनुभव थिएन काठमाडौंको। रत्नपार्कनेर रहेको त्योबेलाको बसपार्कमा लगेर बस रोक्यो। त्यतिबेला काठमाण्डौंमा रिक्सा पनि चल्थ्यो। एउटा रिक्सालाई बोलाएँ चिठीमा लेखेको ठाउँ नरदेवी लैजान भनैं। रिक्सावालाले, "महङ्गो पर्छ भाइ, रिक्सा त टुरिस्टले मात्रै चढ्छन्," भने। "कति हो नि !" मैले सोधैं। "दुई रुपियाँ," भने उनले। त्योबेला त्यो निकै ठुलो रकम थियो, बस भाडा दश पैसा मात्र थियो। मलाई न नरदेवी भन्ने ठाउँ कहाँ छ भन्ने थाहा थियो न त्यहाँ जाने बाटो। मसँग अरु कुनै उपाय थिएन, "हुन्छ जाम," भनेर रिक्सा चढैं। केहीछिनमा नरदेवी मन्दिरनेर लगेर रोके उनले। म नरदेवी आयुर्वेदिक क्याम्पसको नजिकै बस्ने पशुपति सरका भान्जासँग जानुथियो। म गुन्टा बोकेर सोध्दै हिंड्न थालैं। म आफ्नै गाउँमा झैं उनको कोठा सोध्दै हिडिरहैं। कहाँको विद्यार्थी, कहाँ बस्छ, ती शहरीयाहरूलाई कसरी थाहाहोस् ! कसैले भन्न सकेनन्। गुण्टा बोकेर हिडिरहँदा शरीर लखतरान पऱ्यो। जिउ थाक्यो। खुट्टा गले। हिंड्ने उपाए हरायो। आयुर्वेद क्याम्पसदेखि अलि पर ओरालोमा रहेको एउटा किराना पसलको अगाडि गुण्टा राखेर त्यसैमाथि थचक्क परैं। जे होला, होला ! मर्नुभन्दा बौलाउनु निको !

"ए भाइ ! कहाँ पसल अगाडि बसेको, उता जाउ," साहुले थर्काए।

"एकछिन हो दाइ, थाकेर लोत परेकोछु, हिंड्ने उपाय छैन," सुस्तरी भनैं मैले।

"कहाँ घर हो र कहाँ हिंडेका हौं ?" साहु फेरि रुखो स्वरमा बोले।

"घर त भैरहवातिर हो, क्याम्पस भर्ना हुन आएको हो। यतै नजिकै कोठा भाडामा बस्ने एकजना दाइको कोठा खोजेको, भेट्नै सकिन," मैले सुस्केरा हाल्दै भने।

"पर आयुर्वेदिक क्याम्पसको होस्टलमा बस्छन् केही विद्यार्थीहरू ! त्यतै सोध न !" उनमा दया पलाएछ कि ! अलि नरम भए।

"दाइ मैले यो गुण्टा केहीबेर यहीं राख्छु है, बोकेर हिंड्न सकिन। उनको कोठा भेटिएपछि लिन आउँछु," अनुरोध गरैं।

"हुन्छ छिटै आउनु," भन्दै उनले सहानुभूति देखाए। थोत्रो गुण्टा त्यहीं एकछेउ राखेर नरदेवी क्याम्पसतिर फर्किएँ। बाटामा देखिने प्रत्येक पसलमा दाइको कोठा सोध्दै हिंडे। सोध्दासोध्दै खुट्टा हल्लाउँदै क्याम्पसअगाडिको पर्खालमाथि बसेको एकजना मेरै उमेरको केटोलाई देखैं र उसलाई पनि सोधैं। "टियुमा पढ्ने एकजना दाइ उ त्यहाँ बस्छन्। उनी त राती आउँछन्," भने ती ठिटाले। मनमा राहत पलायो र थाकेको शरीरमा पनि फुर्ति आएजस्तो भयो। अनि, म पनि उसकै छेउमा गएर बसैं। भलाकुसारी भयो- उसको घर पनि नजिकै रहेछ र त्यहीं आयुर्वेदिक क्याम्पस पढ्दोरहेछ। म बसेर भान्जादाइको बाटो ढुकिरहैं। ऊ भने कतिबेला घर गएर आउँथ्यो, कतिबेला मसित गफिएर बस्थ्यो। बस्दाबस्दै घाम अस्ताए। अँध्यारो हुन थाल्यो। मेरो मन पोल्न थाल्यो, "ती दाइ भेटिएनन् भने के गर्ने होला ! कहाँ रात काट्ने होला !" मैले मनका कुरा त्यो नौलो साथीसित राखैं।

"दाइ सँधै आउँछन्। नआत्तिउ, कसै आइनन् भने एक रात हाम्रो घरमा बसौला !" उसले मलाई ढाडस दियो। झमक्क साँझ परिसकेको थियो। सानो झोला समातेको मभन्दा अली बढी उमेरको एकजना ठिटो होस्टल गेटभित्र छिऱ्यो। "ती भित्र जाने दाइ नै हुन तिमीले खोजेको मान्छे," नौलो साथीले त्यो मान्छेतिर देखाउँदै भन्यो।

म तुरुन्तै उनको पछि लागैं। उनले खल्तीबाट साँचो निकालेर ढोका खोल्न थाले। उनी कोठाभित्र छिरेपछि, "दाइ नमस्ते !" भनेर ढोकामा उभिए। "के हो भाइ, मैले तिमीलाई चिनिन नि !" झोला राखेर खाटमा बस्न थालेका उनले मतिर पिलिक्क हेरे सोधे। मैले केही नबोली पशुपति सरले लेखेको चिठी उनको हातमा थमाइदिएँ। चिठीमा के लेखेको थियो थाहा भएन, तर दाइले, "बस भाइ, साँगुरो छ केरे, केही समय मिलेर बसम्ला ! खोइ त तिम्रा सामानहरू ? रित्तै हो र !" भन्दै मलाई भुइँमा बस्न इसारा गरे।

सानो साँगुरो कोठा थियो, सानो खाटमा उनको बिस्तरा र भुइँमा एउटा सुकुल बिछाएको। अनि, एकछेउमा चिया पकाउने बिजुलीको हिटर, चिया पकाउने डेक्ची र गिलास !

"अलि पर एउटा पसलमा राखेकोछु सामान," मैले भुइँमा बस्दै भनैं। सामान पो के थिएर- सर्टिफिकेट, ओड्ने ओछ्याउने।

"जाउ ल्याएर आउ। एकछिनमा पसल बन्द हुन्छ।"

पसलमा गएर गुण्टा ल्याएँ। भुइँको सुकुलमा बिस्तरा लगाएँ। गाउँको पुरानो थोत्रो बिस्तरा ! दाइले बाहिरै होटेलमा खाना खाएर आउँदारहेछन्। म नजिकैको होटेलमा गएर सादा खाना खाएर आएँ र थाकेको शरीर लुपुक्क सुतैं। शायद उमेर नमिल्ने, पढाइ नमिल्ने र पहिले कहिल्यै नचिनेको भएर हो कि स्वभावै त्यस्तै हो दाइ मसित थोरै कुरा गर्थे। धेरैजसो पढ्ने लेख्ने र कति-कतिबेला गितार बजाएर गुनगुनाउने गर्थे।

क्याम्पस भर्ना गर्नलाई प्रवेश-परीक्षा दिनु पर्थ्यो। त्यो खुलेको थिएन। कहिले खुल्छ ठ्याक्कै निधो पनि थिएन र कतै हिंड्नलाई मेसो पनि थिएन। भोलिपल्ट बिहानै उठेर नित्यकर्म गरिसकेपछि बाहिर निस्कैं। गेटबाहिर त्यही हिजोको साथी देखापर्‍यो।

मैले शहर डुल्ने इच्छा जनाएँ। उसले मलाई साइकलको पछाडि राखेर गल्ली-गल्ली डुलायोः नरदेवी, असन, नयाँसडक, वसन्तपुर दरवार, सुन्धारा, इन्द्रचोक, सङ्कटा। केहीछिनको घुमाइपछि त्यो साथी र म सरासर कोठातिर फर्कियौं। दाइले मलाई कोठाको एउटा साँचो दिएका थिए, आफूसँग एउटा। त्यो दिनदेखि म दिनभरी मस्तमौलाना झैं हिंड्न थालैं, कहिलेकाहीं त्यो साथीले साथ दिन्थ्यो, धेरैजसो एक्लै। काठमाण्डौंमा त्यति अग्ला घरहरू थिएनन्, धेरै दुई तीन तले पुराना, त्यो पनि काँचो इँटाको गारो। जता गए पनि धरहराको टुप्पो टक्लक्क देखिन्थ्यो। बिहानको खाना खाएपछि म दिनभरी गल्लीगल्ली भस्मासुर झैं हिंड्थे। र, साँझपख धरहराको त्यही टुप्पो हेरेर सुनधारासम्म आउँथें। त्यहाँबाट नरदेवी जाने बाटो बिराउँदैनथें। सुस्तरी मैले त्यतिबेलाको काठमाण्डौंका सबैजसो बाटाहरू, गल्लीहरू हिंडेर सकैं र चोकहरू देखेर सकैं। सबै गल्लीहरू छिचोल्ने भइसकेको थिए।

पैसाको अभाव थियो। बिहान एकछाक सादा खाना खान्थें, साँझ भने प्रायः एक मोहरमा पाइने पोलेको मकै, कहिले एक मोहरकै डोनट, कहिले एक मोहरको भुटेको चना, कहिले एक मोहरको चिउरा ! कहिलेकाहीं भने पेटभरी भात खान्थें। बाटामा हिंड्दा नास्ता पसलमा जेरीस्वारीको मङ्मङ्ती बास्ना मेरो नाकभित्र प्रविष्ट गर्थ्यो। पसलअगाडि ठक्क उभिन्थें, बास्ना सुंघ्थें, थुक निल्थें र लोभिदै हिंड्थे। अड्कलेको पैसाले किनेर खानु कसरी !

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

दर्शन संवाद

# वैदिक दर्शन

रामराज रेग्मी

### १. विषय प्रवेश

पूर्वी र पश्चिमी जगतका प्रायजसो दार्शनिकहरूले प्राचीनकालदेखि नै हिमाली उपमहाद्वीपमा ईश्वर र आत्माको अस्तित्वलाई स्वीकार गर्ने प्रत्ययवादी दर्शनको बोलवाला रहँदै आएको छ भनेका छन् । तिनका अनुसार प्राचीन ऋषिमुनिहरू सबै मोक्षको सोचाइबाट प्रेरित थिए । धन सम्पत्ति आर्जन गर्नमा तिनीहरूको कुनै चासो थिएन । तर, हामीले पूर्वको इतिहासलाई खोतलेर हेर्यौं भने हिमाली उपमहाद्वीपमा भौतिकवाद सुरुदेखि नै रहँदै आएको पाउँछौं । सिन्धु उपत्यकामा आर्यहरूको आगमनपछि समाज दुई समुदायमा विभक्त भएको थियो- वैदिक आर्य जाति र अवैदिक जनजाति । अवैदिक जनजातिमाझ मात्र होइन, वैदिक र अवैदिक दुवै जातीय समुदायहरूमाझ भौतिकवाद विद्यमान थियो । इश्वरवादी चिन्तन त केवल श्रम विभाजनपछि र समाज विभिन्न वर्गमा विभाजित भइसकेपछि मात्र अस्तित्वमा आएको हो । यहाँ वेदको उत्पत्ति र त्यसमा भएको भौतिकवादी सोंचको सम्बन्धमा चर्चा गर्ने प्रयास गरिएको छ । सामान्यतया वेद उल्लेख गर्दा ब्राह्मण ग्रन्थ, आरण्यक र उपनिषद् पनि ठानिन सक्छ । तर, यहाँ वेदको श्रेणीमा समाजमा वर्ग विभाजन र विभेद देखिनुअघि पशुपालन र खेतीपातीको आरम्भको अवस्थामा आर्यहरूको भनाइलाई सङ्कलन गरेर निर्माण गरिएका चार ग्रन्थलाई मात्र लिइएको छ ।

### २. वैदिक देवता

संसारका विभिन्न जातिहरू आर्य जाति पनि विकासका विभिन्न चरणहरू पार गर्दै अघि बढेको जाति हो । पशुपालन र खेतीपातीको प्रारम्भिक अवस्थामा सहज सोच र सहज ढङ्गका साथ यस गणका सबै महिला र पुरुष दैनिक क्रियाकलापमा सामेल हुन्थे । त्यतिखेर उत्पादन पद्धति निम्न स्तरमा भएको कारण आर्यहरूको चिन्तन साह्रै कमजोर अवस्थामा थियो । अहिलेको मानव मस्तिष्कले जति उन्नत ढंगले चिन्तन गर्न सक्दछ, आदिम समाजको मस्तिष्कले त्यति गर्न सक्दैनथ्यो । निश्चय नै मस्तिष्क व्यक्तिको शरीरसँग गाँसिएको विषय हो र यो प्राकृतिक हुन्छ । तर, मानव चिन्तन भने प्राकृतिक होइन । यो मानिसको विकासक्रम, प्रकृति र मानिसबीचको क्रिया-प्रतिक्रियाको लामो शृङ्खला र उत्पादन पद्धतिसँग जोडिएको कुरा हो । एकजना अङ्ग्रेज भूगर्भविद्लाई लेखेको पत्रमा एङ्गेल्स भन्दछन्, 'प्रकृतिलाई चेतनशील प्राणी जन्माउन लाखौँलाख वर्ष लाग्यो र अझै उन्नत ढङ्गले सोच्ने मानिस तयार गर्न त हजारौँहजार वर्ष लाग्नेछ ।

पशुपालन युगका आर्यहरूले जाडो, गर्मी, बाढी, पहिरो आदि प्राकृतिक हेरफेरहरू र मानव शरीरमा लाग्ने रोगव्याधिहरू के कति कारणले उत्पन्न हुन्छन् भन्ने कुराको वास्तविक ज्ञान फेला पार्न सकेका थिएनन् । कुनै पनि घटनामा अदृश्य शक्तिको हात छ भन्ने विश्वास तिनीहरूमा थियो । अज्ञानताको कारण तिनले प्राकृतिक घटनामा आफ्नो जस्तै चेतना हुन्छ भन्ने भ्रम पाल्थे । अन्न पानी (पितु), पेय पदार्थ (सोम), हतियार (आयुध) अग्नि, सूर्य, चन्द्रमा, वायु, यम, वरुण, पर्वत, ङ्ड उषा, जङ्गल (अरन्यानी) आदि भौतिक पदार्थ वा पिण्डले आदिम आर्य ङ्ड गणलाई भौतिक आवश्यकता पूरा गर्न निकै सहयोग पुर्याएका थिए । यस अर्थमा तीप्रति श्रद्धा व्यक्त गर्नु स्वाभाविक थियो । श्रद्धा व्यक्त गर्दै जाने क्रममा ती वस्तुहरू पूजनीय देवी देवतामा बदलिए । आर्यगणहरू मेघ, चट्याङ, हुरी, वर्षा जस्ता जुन भौतिक पदार्थसँग डराउँथे, ती पनि देवी देवता बने । आर्यगणका देवी देवताहरू प्रायजसो प्रकृतिसँग सम्बन्धित थिए । तर, केही देवी देवता आफ्नै कविलाका शूरवीर पुर्खा, आफूलाई सहयोग गर्ने हतियार र प्राणीहरू पनि भएको बुझिन्छ । जसले आफ्नो हितको संरक्षण गरिदिन्थे । प्राकृतिक वस्तु, आदिम पुर्खा, सहयोगी औजार, जनावरहरू जेजति भए पनि आर्यले देवत्वमा गनेका ती शक्तिहरू तीन श्रेणीअन्तर्गत पर्दथे- खगोलीय (आकाशमा रहने), वायुमण्डलीय (वायुमण्डलमा रहने) र भौमिक (जमिनमा बस्ने) । खगोलीय देवी देवतामा द्युः, वरुण, मित्र, सविता, अश्विनी र अदिति थिए । इन्द्र, वायु, सूर्य, उषा वायुमण्डलीय देवी देवता थिए भने अग्नि, सोम, आयुध, वनस्पति र सहयोगी प्राणीहरू भौमिक देवी देवतामा गनिन्थे । वैदिक साहित्यमा देवताहरू एकापसमा । जुधेका देखिन्छन् । जुन कविलाहरूबीच हुने द्वन्द्वको प्रतिबिम्ब हो ।

आदिम आर्यहरूले देवी देवताहरूमा आफूमा भन्दा उन्नत र अद्भूत तागत छ भनी ठान्दथे । तर, तिनको कुनै निश्चित स्वरूप, व्यक्तित्व र चरित्र थिएन । पछिल्लो अवधिमा भने तिनलाई मानिस जस्तै शरीर भएको जीवका रूपमा ग्रहण गर्दै तिनमा मानिसकै जस्तो गुण र बानीबेहोरा हुन्छ भनी अनुमान गर्न थालियो । आर्यगणका देवता न त पूर्ण प्राकृतिक थिए न त पूर्ण रहस्यमय । वाञ्छित फल पाउनका लागि तिनको पूजा आराधना गरिन्थ्यो । आफूभन्दा फरक कविला गणहरूसँग बरोबर युद्ध भइरहने हुनाले आदिम आर्यहरूले युद्धमा शत्रुसँग मुकाविला गर्न र तिनलाई परास्त गर्न साहस र बल प्राप्त होस् भनी देवी देवतासमक्ष वर माग्थे ।

### ३. वेदको रचना

जीवनको यही क्रममा त्यतिखेरका वैदिक आर्य (ऋषिमुनि) हरूले बनाएका पूजा र स्तुतिका विधिविधान तथा कर्म पछिल्लो पुस्तालाई सुनाउने र पछिल्लो पुस्ताले तिनलाई कण्ठ गरी फेरि आफ्ना सन्तानलाई हस्तान्तरण गर्ने गर्न थाले । लिपिको चलन नभएको त्यस युगमा ज्ञान संरक्षणको उपाय यही गुरु-शिष्य परम्परामात्र थियो । शिष्यहरू गुरुकुल व्यवस्थाअन्तर्गत गुरुकै आश्रममा बसी ज्ञान आर्जन गर्दथे । लिपिको आविष्कार भएपछि नै लिखतको रूपमा विचार र भनाइहरूको अभिलेख राख्ने चलन चल्यो । पुस्तादेखि हस्तान्तरण हुँदै आएका श्रुतिहरूलाई अब ग्रन्थका रूपमा लिपिबद्ध गर्न थालियो । यस अर्थमा वेदलाई 'श्रुति' (सुनेका कुरा) पनि भनिन्छ । वेद आकस्मिक रूपमा उत्पत्ति भएको कृति होइन, न त यो कुनै धार्मिक कट्टरतावादीहरूले रचना गरेको ग्रन्थ हो । यो आर्य कविलाका मानिसहरूले भनेका उक्ति र गानाहरूको सङ्ग्रह हो, जसलाई लिपिको आविष्कार भएपछि चारवटा 'संहिता' मा सङ्कलन गरिएको छ । कुनै खास पुरुषले रचना नगरेको अर्थमा वेदलाई 'अपौरुषेय' भनिन्छ ।

वेदका सूक्तहरूका रचनाकार थुपै देखिएका छन् । आर्य समाजमा तिनलाई ऋषि भनिन्छ । अङ्गिरस, कन्व, वसिष्ठ (मैत्रावरुणी), विश्वामित्र, अत्री, अगस्त्य, पराशर शाक्त, भारद्वाज, मधुच्छन्दा, वामदेव आदि अग्रस्थानमा रहेका ऋषि हुन् । वेदका सूक्तहरूका रचनाकार पुरुष ऋषिमात्र नभएर महिला ऋषि पनि थिए । तीमध्ये घोसा काक्षिवती, विश्वम्भरा आत्रेयी, गोधा, अपला आत्रेयी, यमी विवश्वती, लोपमुद्रा, रोमशा स्वान्या, अदिति दक्षयनी, सूर्य सावित्री, इन्द्रायणी, शर्मा देवाश्विनी, उर्वशी, शास्वती अङ्गिराशी आदिको नाम अग्रस्थानमा आउँछ ।

ज्ञान हस्तान्तरण अथवा गुरु-शिष्य परम्पराको क्रममा पछिल्लो पुस्ताले अघिल्लो पुस्ताबाट प्राप्त गरेको ज्ञानलाई जस्ताको तस्तै अघि बढायो होला भन्न सकिँदैन । पछिल्लो पुस्ताले पुर्खाबाट पाएको ज्ञानलाई नयाँ परिस्थितिमा नयाँ ज्ञानको आधारमा संशोधन, परिमार्जन र परिवर्तन गर्दै लगेको हुनुपर्छ । त्यसो भएकाले लिपिको आविष्कार भएपछि लिपिबद्ध भएको वेद आदिम स्वरूपभन्दा निश्चय नै फरक हुनुपर्छ ।

कतिपय भाष्यकार र टीकाकारहरूले श्रुतिहरूलाई आफ्नो विचार र धारणाअनुसार मोड्ने काम गरेको पाइन्छ । पछिल्लो कालमा आएर लिपिबद्ध भएको वेद यसको आदिम स्वरूपभन्दा के कति भिन्न रह्यो, ऐतिहासिक अभिलेख नभएकाले यसै हो भन्न सकिने अवस्था छैन ।

### ४. रचनाकाल

वेदमा उल्लेख गरिएका विचारहरूमा विभिन्नता हुनुका साथै ती क्रमबद्ध पनि नभएका कारण वेद एउटै कालको रचना होइन भन्ने कुरा प्रमाणित भएको छ । वेदको रचनाकालका सम्बन्धमा विद्वान्हरूमा मतभिन्नता रहेको पाइन्छ । म्याक्समुलरको भनाइअनुसार यस ग्रन्थका सुरुका ऋचाहरू इ.पू. १२०० देखि १००० सम्मको अवधिमा र आखिरीतिरका ऋचाहरू इ.पू. १००० देखि ८०० सम्मको अवधिमा रचना गरिएको हुनुपर्छ । ऐतिहासिक विवेचनाअनुसार ऋग्वेदका रचनाकारहरूले भारत प्रवेशपछि सिन्धुघाटीको सभ्यतालाई नष्ट पारेका थिए । यस ग्रन्थमा उल्लेख भएका इन्द्रका स्तुतिहरूबाट उनले त्यस क्षेत्रका नगर र दुर्गहरू ध्वस्त पारेको बुझिन्छ । त्यसो भएकाले सिन्धुघाटीको प्राचीन सभ्यताको अवसान भएको समय थाहा पाउन सके वेदको रचनाकालबारे अनुमान गर्न सकिन्छ ।

### ५. वेदका शाखा र विषयवस्तु

वैदिककाल आर्य जातिको ज्ञान विकास प्रक्रियाको सुरुआत थियो । आर्यहरू दक्षिण एसियाली महाद्वीपमा प्रवेश गर्नुभन्दा पहिलेदेखि नै वैदिककालमा थिए । त्यसकारण युरोप र पर्सियामा रहँदाखेरिका तिनका धारणाहरू वेदमा समेटिएका छन् । यस क्षेत्रमा आएपछि पनि तिनले वैदिक दर्शनलाई निरन्तरता दिने काम गरे । वेदका ऋचा (भनाइ) संस्कृत भाषामा गद्य र पद्य दुवै रूपमा रहेका छन् । ती ऋग्वेद, यजुर्वेद र सामवेद गरी तीनवटा संहितामा सङ्कलित छन् । यस अर्थमा वेदलाई 'त्रयी' पनि भनिन्छ । तर, अथर्ववेदलाई समेत वेदको रूपमा स्वीकार गरिएकोले वेदको संख्या चार मानिएको छ । मुक्तिक उपनिषद्अनुसार ऋग्वेदका २०, यजुर्वेदका १०९, सामवेदका १००० र अथर्ववेदका ५० शाखा थिए, जुन अहिले प्राय भेटिँदैनन् ।

ऋग्वेदमा यज्ञका वेला देवतालाई खुशी पार्न गाइने ऋचा (मन्त्र) हरू छन् र ती पद्यात्मक रूपमा छन् । ऋग्वेदलाई सबैभन्दा पुरानो वैदिक दर्शन मानिएको छ । यसमा १०२८ सूक्त (प्रार्थना) र १०५५२ ऋचा छन् । यजुर्वेदमा कर्मकाण्ड अथवा यज्ञयज्ञादिका विधिविधानहरू छन् । ती गद्यमा छन् । सामवेद यज्ञको समयमा गाइने सङ्गीतले भरिपूर्ण छ । अथर्ववेदमा भूतप्रेतबाट जोगिन व्यवहारमा अपनाइने टुनामुना, जादु र तन्त्रमन्त्र छन् । आदिम आर्यहरूले जादु, टुनामुना र तन्त्रमन्त्र भौतिक उन्नति र प्रगतिका लागि अपनाउँथे । मानिसका हातखुट्टा भाँचिए भने तिनलाई जोड्नका लागि, मौसम बिग्रेर बालीनालीमा क्षति पुग्दा सहकालका लागि, मानिसमा बाँझोपन देखापरेमा त्यसको निवारणका लागि अथवा यस्तैयस्तै विविध समस्याहरू हल गर्नका लागि जादु र तन्त्रमन्त्रहरूको सहारा लिइन्थ्यो । सभ्य वैज्ञानिक जगत्मा जादु, टुनामुना वा झारफुकलाई उपहासको रूपमा हेरिन्छ । निश्चय नै यस्ता कार्यमा अज्ञानता र अन्धविश्वासको अंश विद्यमान हुने भएकोले हाँसोलाग्दो मूर्खतापूर्ण गतिविधि देखिन्छ । तर, अन्धविश्वासले भरिपूर्ण भए पनि ती मानिसले प्रकृतिसँग गरेका सङ्घर्ष थिए । दैवी शक्तिमा होइन, मानव प्रयत्नमा आधारित क्रियाकलाप भएकोले तिनमा लौकिक सोच थियो । एकथरी विद्वानहरूले जादुका मौलिक अवधारणा विज्ञानसँग मेल खाने बताएका छन् । उनीहरू भन्दछन् कि, आदिम मानिसका जादुमा ईश्वर, आत्मा र परलोक जस्ता आध्यात्मिक अवधारणाको अभाव थियो । त्यसमा कुनै दैवी शक्तिप्रतिको विश्वास थिएन । त्यसमा थियो, केवल दुई अदृश्य पक्षबीच हुने सम्बन्धलाई खोज्ने अज्ञानतापूर्ण प्रयास । वेदका अभिव्यक्तिहरूमा भोजन, वर्षा, स्वास्थ्य, सन्तान आदिको अभिलाषा र भोकमरी, पशुमरण, रोगव्याधि, अन्य कविलाको आक्रमण आदिबाट सुरक्षाको चाहनालगायतका विषयहरू पाइन्छन् । जीवनमा आइपरेका समस्याहरूसँग जुध्न मानिसले गरेको प्रयत्न तिनमा देखिन्छ । पानीको महत्त्वका कारण पितुलाई तिनले देवता मान्दछन् । पितुले तिनीहरूलाई खाना पचाउने, स्वस्थ रहने, खानेकुरालाई स्वादिलो बनाउने आदि कुरामा सहयोग गर्छन् । ऋग्वेद (११८७) मा पितु देवताको स्तुति यसरी गरिएको छ, 'म शीघ्रतापूर्वक महान् सर्वधारक र मूर्तिमान् बल पितुको स्तुति गर्दछु, जसको समर्थ्यबाट त्रितले वृत्रलाई टुक्राटुक्रा पारेर मारे । हे स्वादिला पितु । हामी तिम्रो सेवा गर्दछौं । तिमी हाम्रो रक्षा गर । हे पितु ! तिमी मङ्गलमय होउ, मङ्गलमय रक्षणद्वारा हाम्रो नजिक आउ र हामीलाई सुख देउ ।' आदिम युगमा बढी मात्रामा वन जङ्गलमा खानपिन र सिकारका लागि भर पर्नुपर्ने भएकोले अरण्यदेवीको गाथा गाइएको देखिन्छ । ऋग्वेदको दसौं मण्डल (ग्रन्थ) को १४६ औं सूक्तमा भनिएको छ, "अरण्यदेवीले वनमा जाने मानिसलाई केही हानिनोक्सानी पुऱ्याउँदैनन् । उनका कृपाले हिंम्रक जन्तु मानिसका सामुन्ने आउँदैनन् । ऊ इच्छाअनुसार मीठो फल खाएर रमाउँदै विचरण गर्छ । ऋग्वेदको छैटौं मण्डलको ७५औं सूक्तमा वाण राख्ने ठोक्रोलाई मानव जातिको पालक भनिएको छ र वाणको स्तुति यसरी गरिएको छ, "हे सरल मति भएका वाण ! हामीलाई चारैतिर बढाउ । हे स्तोत्रद्वारा तिखारिएका शत्रु मार्ने कुशल वाण प्रहार गरिएका तिमी ! टाढा गएर खस र शत्रुसम्म पुग । तीमध्ये कसैलाई पनि बाँकी नराख । त्यस्तै ऋग्वेदको सातौं मण्डलको ५५ औं सूक्तमा कुकुरलाई घरको रक्षक देवता भनिएको छ र तिनको स्तुति यसरी गरिएको छ, "हे सुनौला रङ्गका उज्याला कुकुरहरू ! तिमी जब दाँतलाई उघाछौं, त्यसवेला चबाउने तिम्रा दाँतहरू हतियार ओठछेउ चम्किन्छन्, तिमीहरू राम्ररी सुत । हे ओहोरदोहोर गर्ने कुकुरहरू हो ! चोर र लुटेराहरूलाई भुक ।"

वेदमा बनाइएका विधिविधानबमोजिम प्राचीन आर्यहरूले जुन यज्ञ अनुष्ठान गर्दथे । त्यसमा जुन आहुति तथा बली दिन्थे त्यो मरेपछि स्वर्गमा सुख पाइयोस् भन्नका लागि नभएर वर्तमानको काम र योजना सफल बनाउने उद्देश्यले गरिन्थ्यो । यज्ञ अनुष्ठान शत्रुको विनाशका लागि र सांसारिक शक्ति एवम् समृद्धिका लागि गरिन्थ्यो । आर्यहरूले स्वर्ग र नर्कको कल्पनासम्म पनि गरेका थिएनन् । ऋग्वैदिक युगमा दृश्य प्रमाणकै आधारमा दुईथरी लोकको व्याख्या गरिएको छ- द्युलोक र पृथ्वी । अन्तरिक्षलाई द्युलोक मानिएको छ । ऋतको व्यवस्था गर्ने वरुण, न्यानो र उज्यालो दिने सूर्य एवम् दिन र रातको व्यवस्था गर्ने उषा र रात्रिजस्ता देवताहरू त्यहाँ बसोबास गर्दछन् भनी विश्वास गरिएको छ । ऋग्वेदको प्रथम मण्डलको ११५ औं सूक्तमा किरणलाई सूर्यका घोडा मानिएको छ । ती आकाशको पिठ्यूँमा चढेर दिनभरिमा पृथ्वीको फन्को लगाउँछन् र सूर्यले घोडाको लगाम खिचेपछि रात्रिले आफ्नो कालो वस्त्रलाई फैलाउँछिन् भनिएको छ ।

### ६. दर्शनसम्बन्धी विवेचना

कतिपय विद्वानहरूले वेदमा कुनै प्रकारको दर्शन छैन भनेका छन् । तर, वास्तविकता त्यो होइन । वेदमा आदिम आर्यहरूले सांसारिक घटनाक्रमहरूलाई लिएर प्रश्न सोध्ने गरेको, जिज्ञासा देखाएको, संशय व्यक्त गरेको आदि दृष्टान्तहरू भेटिएका छन् । मानिस तथा पशुपन्छी जन्मने र मर्ने, सूर्य उदाएपछि उज्यालो हुने, अस्ताएपछि अँध्यारो छाउने, दिउँसो निर्मल स्वच्छ भइरहेको आकाशमा एक्कासि बादल देखापर्ने, हेर्दाहेर्दै गड्याङगुडुङका साथ बिजुली चम्कने र पानी पर्ने, कहिले निकै धेरै पानी परेर बाढी आउने त कहिले खडेरी परेर भइरहेका पानीका स्रोत कुवा, पोखरी, खोलानाला सबै सुक्ने आदि घटनाक्रमहरू आदिम आर्यगणका निम्ति कौतुहलपूर्ण गतिविधि थिए । तिनलाई अनुभव गरी गणका प्राज्ञिक व्यक्तिले एक खालको धारणा बनाउँथे र आफ्नै धारणामाथि शङ्का पनि व्यक्त गर्दथे ।

वेदलाई हिजोआज मोक्षका निम्ति गरिने कर्मकाण्डको साधन बनाइएको छ । तर, वेदमा आदिम पुर्खाहरूले जुन देवी देवताको कल्पना गरेका थिए, त्यसको आधार भौतिक जगत् तथा त्यहाँ हुने गरेका विविध घटना नै हुन् । प्रत्येक घटनाको पछाडि कारण हुन्छ भन्ने मान्यताअनुसार नै तिनले घटना घटाउने कर्ताबारे धारणा बनाएको देखिन्छ । निश्चय पनि वेदमा विकसित दर्शन त छैन, तर दर्शनका बीजाणु भने अवश्य नै पाइन्छन् । ऋग्वेदको नासदीय सूक्तलाई वेदको दार्शनिक साहित्य मानिएको छ । त्यसमा जिज्ञासा र संशयका साथै सत्य र असत्य, अग्लो र होचो, मृत्यु र अमरत्वजस्ता विपरीत पक्षको परिकल्पना गरिएको छ । संशय र जिज्ञासा भनेकै दर्शनका विषयवस्तु हुन् । उक्त सूक्तमा भनिएको छ, 'घोडाको लिङ्ग वीर्यले भरिएर शक्तिशाली कसरी हुन्छ ? मानिसको बोली कहाँबाट उत्पन्न हुन्छ ? यस संसारको उत्पत्ति कसरी र कहाँबाट भएको हो ? यसलाई कसले रचना गरेको हो ? यसको अन्त्य कहाँसम्म होला ? आदि । यी कतिपय संशय र जिज्ञासाहरू निम्न स्तरका देखिन्छन् भने कतिपय उन्नत स्तरका छन् । ऋग्वेदमा इन्द्र को हुन् भनी प्रश्न गरिएको, उनको अस्तित्वबारे शङ्का गरिएको र फेरि इन्द्र नभए कसलाई पूजा गर्ने भनी पिरोलिएको प्रसङ्ग पाइन्छ । यस संसारको सृष्टि भइसकेपछि देवतालगायतका प्राणी उत्पत्ति भएका हुन् कि त्यसभन्दा पहिले केही थियो ? यस्ता विषयबारे पनि वैदिक आर्यहरूले दार्शनिक जिज्ञासा प्रकट गर्दै लामो छलफल एवम् विचार विमर्श गर्दथे । ऋग्वेदको १९० औं सूक्तमा मधमर्षण र मधुच्छन्दा नामका वैदिक विचारकहरूले सृष्टिको विषयमा लामो छलफल गर्दागर्दै रात परेको तर खोजी नटुङ्गिएको कुरा उल्लेख गरेका छन् । ऋग्वेदको दसौं मण्डलको ७१ औं सूक्तमा आर्य दार्शनिकको तारिफ यसरी गरिएको छ :

'चाल्नोद्वारा सातुलाई छानेझैँ ज्ञानीहरू मनद्वारा वाणी (बौद्धिक विचार) लाई शुद्धसँग उच्चारण गर्दछन् ।"

"कतिपयले वाणीलाई हेरेर पनि देख्दैनन्, सुनेर पनि बुझ्दैनन् । जसरी कामले मत्त भएकी पत्नीले पतिका लागि आफ्नो वस्त्र खोल्दछिन् । त्यसरी नै वाणीले ज्ञानीका लागि आफ्नो रहस्य खोल्दछ ।"

दार्शनिक विचार व्यक्त गर्ने ऋषिहरूमा वृहस्पतिको स्थान उच्च देखिन्छ । उपरोक्त सूक्तमा नै ऋषि वामदेव गौतमले इन्द्र र वृहस्पतिको संयुक्त स्तुति गर्दै भन्दछन्, "तिमी दुवैको बुद्धि हामीमाझ रहोस् ।

*क्रमश...*

पठन अनुभूति

# कठिन मातृत्वको ज्वलन्त तस्वीर



रूबिना बस्याल

यसभन्दा पहिला २ वटा पुस्तक प्रकाशन गरिसकेकी सरस्वती ज्ञवलीको 'क्षितिज आमा र धरती' पुस्तक आफ्नो बौद्धिक अपाङ्गता भएकी छोरी क्षितिजसँग सम्बन्धित छ । यो पुस्तक एउटी आमाले आफ्नो छोरीको लागि गरेको कठोर सङ्घर्षमा केन्द्रित छ । आमा कति महान् हुन्छन् र कसरी आमाले सन्तानको लागि आफ्नो जीवन समर्पण गर्छिन भन्ने यस किताबमा जीवन्त प्रस्तुत भएको छ ।

'क्षितिज, आमा र धरती' साङ्ग्रिला बुक्सले प्रकाशन गरेको हो । लेखक ज्ञवालीले आफ्नो ३७ वर्षीय बौद्धिक अपाङ्गता भएकी छोरीलाई मातृत्वमा प्रदान गर्दाका उथलपुथल र उतारचढावहरू यस पुस्तकमा उल्लेख गरेकी छिन् ।

साँच्चै आमा हुन गाह्रो छ । मातृत्व प्राकृतिक हो, तर यो सरल र सहज होइन । मातृत्वको महानता नै त्यागमा छ भन्ने यो किताबले व्यक्त गरेको छ । एउटा बौद्धिक अपाङ्गता भएको सन्तानको पालनपोषण र स्याहार आफ्ना तमाम इच्छा, आकङक्षा र सपनाहरूमाथि सम्झौता हो । त्यो सम्झौता ओठमा मुस्कान च्यापेर एक आमाले मात्र गर्न सक्छिन् ।

समाजमा बौद्धिक अपाङ्गता वा कुनै पनि प्रकारको अपाङ्गतालाई हेर्ने दृष्टिकोण खासै सकारात्मक छैन । अपाङ्गतालाई पाप जसरी घृणा र तिरस्कार गरिन्छ । लेखक ज्ञवालीले पनि आफ्नो जीवनमा बौद्धिक अपाङ्गता भएकी छोरीको सन्दर्भमा यस्तै कठोर र तुच्छ शब्दहरू सुन्नु पऱ्यो । अनि यस्ता शब्दहरू सुनाउने अरु कोही हुँदैनन्, ती हुन्छन् आफ्नै नजीका मान्छेहरू । यी सबै व्यहोरेर सन्तानप्रति समर्पित हुनुहुने लेखक सरस्वती साहसी महिला प्रतित हुन्छिन् । उनले कहिल्यै हार मानिनन् ।

यो पुस्तकमा यस्ता प्रसङ्गहरू उल्लेख भएका छन् । हरेक ठाउँबाट छोरीको उपचार हुनसक्दैन भन्ने मात्र सन्दा पनि उनले हिम्मत नहारी उपचारको प्रयत्न गरिरहिन् । पीडा त पक्कै पनि हुन्छ । सन्तानको लागि त्याग गर्नु त्यति सहज हुँदैन त्यसमाथि छरछिमेकीलगायतको वचनले घाउमा नुनचुक छर्थ्यो ।

ज्ञवालीको यो पुस्तकबाट के पनि बुझ्न सक्छौं भने जीवन सङ्घर्षपूर्ण हुन्छ । यहाँ हजारौं समस्या आउन सक्छन्, तर समस्या आयो भन्दैमा हिम्मत हारेर बस्नु हुँदैन, त्यसलाई सामना गर्न सक्नुपर्छ । केही दुःखपछि पो सुख आउँछ । पहिले पहाडको सानो ठाउँमा बस्ने ज्ञवालीले कति डाँडा काटेर आफ्नो छोरीको उपचार गर्न




सहरमा आफ्नै घर बनाउन बाध्य भइन् ।

यस पुस्तकबाट हामीले के बुझ्न सक्छौं भने एउटा पुरुष तर्क, विचार, बुद्धिले चल्छ भने एउटी स्त्री भावना र विवेकले चल्छिन् । त्यही भावना र विवेकले एउटा नारीले देशलाई र परिवार दुवैलाई सम्हाल्न र हाक्न सक्छिन् ।

यो पुस्तकले आमाको त्याग र मातृत्वको महानता मात्र चित्रण गरेको छैन । यो पुस्तकले एउटा गम्भीर विषय उठान पनि गरेको छ । राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष सुविधा दिइरहेको छैन । त्यसमाथि बौद्धिक अपाङ्गता भएकाप्रति हाम्रो राज्य कति लापरबाह र गैरजिम्मेवार छ भन्ने हामी यस पुस्तकबाट बोध गर्न सक्छौं । कतिपय संस्थाहरू त अपाङ्गतालाई नाफाको हतियार बनाउँछन् भन्ने पनि यो पुस्तकबाट बुझ्न सक्छौं । त्यसैले यो पुस्तकको महत्त्व नै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको उचित लालनपोषण र स्याहारमा राज्य र समाजको भूमिकाको खोजी हो । मातृत्वलाई निजी विषयमात्र नबनाएर राज्य र समाजको विषय बनाइनुपर्छ भन्ने तर्क यो पुस्तकको मुख्य विषयवस्तु हो । र, यो तर्क एउटा आमाको जटिल मातृत्व अनुभवबाट अभिव्यक्त भएको छ । अपाङ्गतालाई उपयुक्त स्याहार र वातावरण उपलब्ध गराउन सक्दा हेलन केलर र स्टेफन हकिङ जस्ता व्यक्तित्वहरू पनि त जन्मन सक्छन् ।

यो किताब हरेकले पढ्नुपर्ने किताब हो । आकारले सानो भए पनि यो किताब भावको हिसाबले निकै बृहत् छ । यो किताब एउटी आमाले अर्की आमालाई चिन्न र साझा अनुभुतिको लागि पढ्नुपर्छ । यो किताब हरेक पुरुषले मातृत्वको महानता र समपर्णको गहिराईलाई अनुभूत गर्न पढ्नुपर्छ । यो किताब हरेक छोराछोरीले आमाको सङ्घर्ष र त्यागको महानता महसुस गर्न पढ्नुपर्छ ।

**श्री रुद्रपुर माध्यमिक विद्यालय**

**कञ्चन- ४, रुपन्देही**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/१३**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२-०८-०९ को बैठकको निर्णय तथा कञ्चन गाउँपालिकाको च.नं. ५१९ मिति २०८२-०८- ११ गतेको शिक्षक पदपूर्तिको लागि प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह अस्थायी करार कोटामा रही शिक्षण गर्नका लागि शिक्षक पदपूर्ति गर्नु पर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**तपसिलः**

| | |
|---|---|
| - विज्ञापन नं.:- | ०२/०८२/०८३ |
| - पद :- | प्राथमिक तह (अस्थायी करार ) |
| - संख्याः- | १ जना |
| - न्यूनतम शैक्षिक योग्यता :- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । |
| -तलब स्केल :- | नेपाल सरकारको नियमानुसार । |
| -उमेर :- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| - निवेदन दिने अन्तिम मिति : | २०८२-०८-२५ बिहीबार दिउँसो ४:०० बजेसम्म |
| -सम्पर्क मिति :- | २०८२-०८-२५ गते दिउँसो ४:०० बजेपछि । |
| - परीक्षा किसिम : | लिखित तथा अन्तरवार्ता आवश्यक परेमा प्रयोगात्मक समेत हुनेछ । |
| - परीक्षा मितिः- | सम्पर्क मितिमा तोकिने छ । |
| - निवेदन दस्तुर :- | १५००।- |

**- आवश्यक कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि (एस.एल.सी वा सो सरह भन्दा माथिका सबै)
- अनुभव भएमा अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरु
- विदेशी संस्थाबाट उत्तीर्ण उम्मेदवारहरुले अनिवार्य रुपमा समकक्षता पेश गर्नु पर्नेछ ।

**पुनश्च : शिक्षक सेवा आयोगबाट रूपन्देही जिल्लाको लागि प्रकाशित उल्लेखित पद र तहमा करार सूची २०८१ मा रहेका उम्मेदवारको दरखास्त पर्न आएमा अन्य उम्मेदवारहरुको दरखास्त फिर्ता गरिने छ ।**

**थप जानकारीको लागि सम्पर्क नम्बरहरु :**

९८४७०८२८१२, ९८१३९३४६६२,९८४७२४७४१०

प्रधानाध्यापक

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# नयाँगाउँ खानेपानी नियमसंगत चलेको दाबी



बुटवल । बुटवल-१२ नयाँ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले साधारणसभा कानुन बमोजिम काम गरेको दाबी गरेको छ । संस्थाले पत्रकार सम्मेलन गर्दै केही परिषद् सदस्यहरुले बाहिर भने जस्तो संस्थामा कुनै पनि आर्थिक अनियमितता नभएको दाबी गरेको हो । साधारणसभा गैरकानुनी र अनियमितता भएको भन्ने विषयमा कुनै पनि सत्यता नभएको खानेपानी संस्थाकी अध्यक्ष मीना घर्तीले दाबी गरिन् ।

३ वर्षसम्म हुन नसकेको साधरणसभा आफू निर्वाचित भएको ४ महिनाभित्रमा नै गर्न सफल भएको बताइन् । 'नयाँ खानेपानीको ३ वर्षदेखि साधारणसभा नै भएको थिएन्, मेरो नेतृत्वको कार्यसमितिले ४ महिनामा नै साधारणसभा गरेको छ, यसमा त हामीलाई धन्यवाद पो दिनु पर्ने हो नि ।'- अध्यक्ष घर्तीले भनिन् । यस्तै आफ्नो नेतृत्वको कार्यसमितिले पानीको शुल्क समेत घटाएको अध्यक्ष जिसिले बताइन् । पहिला १२ हजार लिटर पानीको शुल्क १०० रहेकामा आफूहरुले यसलाई घटाएर ८० रुपियाँ कायम गरेको बताइन् ।

साथै अध्यक्ष जिसिले बाहिर कुरा गर्न भन्दा पनि संस्थाको आधिकारिक बैठक तथा साधारणसभामा आएर आफ्ना भनाइ राख्न परिषद् सदस्यहरुलाई आग्रह गरिन् । खानेपानी संस्थाका कानुनी सल्लाहकार लेखनाथ ढकालले २६ जना परिषद् सदस्यहरुले भने जस्तो उपभोक्तासहितको साधारणसभा गर्न आधाभन्दा बढी उपभोक्ता आउनु पर्ने बताउँदै बहुमत बिनाको साधारण सभालाई कानुनले नचिन्ने बताए । कानुनमा नै स्पस्ट रुपमा ५०० भन्दा बढी उपभोक्ता भएको संस्थाको साधारणसभा परिषद् सदस्यद्वारा गर्ने व्यवस्था रहेको बताए ।

खानेपानी संस्थाअन्तर्गत बँदेल पोखरी टंकी मर्मत उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद भुसालले निर्माणको काममा आर्थिक अनियमितता भएकोमा सत्यता नरहेको जिकिर गरे । बुटवल उप-महानगरपालिका १२ का वडाध्यक्ष डिल्लीप्रसाद शर्माले काम गर्दा विभिन्न उजुरी पर्नु सामान्य नै भएकाले खानेपानी उपभोक्ता समितिलाई कानुन बमोजिमको काम गर्न डराउन नहुने बताए । खोनपानी संस्थाको १६औं साधारणसभा कात्तिक २६ गते भएको सचिव रामप्रसाद भुसालले बताए ।

सल्लाहकार डीआर घिमिरेले संस्थाले नियमसँग अगाडि बढेको दाबी गर्दै कानुनी रुपमा पनि कुनै गलत नभएको तर्क गरे । तर असन्तुष्ट पक्षले संस्थामा आर्थिक अनियमितता हुने गरेको र दुई दलीय सिण्डिकेट रहेको बताउँदै आएको छ । असन्तुष्ट पक्षका दुई दर्जन परिषद् सदस्यले साधारणसभा बहिस्कार गरेका थिए ।

# एमालेका ७ पदाधिकारी ओलीको पक्षमा

बुटवल । नेकपा एमालेका ७ जना पदाधिकारीहरू अध्यक्ष केपी शर्मा ओलीकै नेतृत्वलाई निरन्तरता दिनुपर्ने पक्षमा उभिएका छन् ।

उनीहरूको शुक्रबार भएको अनौपचारिक छलफलबाट नेतृत्वको निरन्तरतामा उभिने निष्कर्ष निकालेका हुन् । १८ सदस्यीय सचिवालयमा ७ जनाले नेतृत्वमा ओलीको विकल्प खोज्न नहुने बताएका हुन् । जसमा उपाध्यक्षहरू रामबहादुर थापा र विष्णुप्रसाद पौडेल, उपमहासचिव पृथ्वीसुब्बा गुरूङ, सचिवहरू लेखराज भट्ट, रघुवीर महासेठ, छविलाल विश्वकर्मा र पद्मा अर्याल रहेका छन् ।

मुलुकमा विद्यमान सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै सुदृढ पार्टी एकताको पक्षमा योगदान गर्न सम्बद्ध सबैसँग आग्रह पनि गरेका छन् ।

एक पदाधिकारीका अनुसार, नेतृत्व निर्माणका लागि सर्वसम्मतीको पहल गर्ने निष्कर्ष पनि उनीहरूले निकालेका छन् । पदाधिकारीमध्ये महासचिव शंकर पोखरेल सुरुदेखि नै ओलीको पक्षमा छन् । वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलको पक्षमा उपाध्यक्षहरु अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, सचिवहरु योगेश भट्टराई र गोकर्ण विष्ट रहेका छन् । इश्वर पोखरेलको पक्षमा पूर्व उपाध्यक्ष एवं पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी छन् ।

# आधिकारिक पत्र विना वार्तामा बस्दैनौं : विशेष महाधिवेशन पक्षधर

बुटवल । नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशन पक्षधरलाई वार्ताका लागि बोलाएका छन् ।

सभापति शेरबहादुर देउवासँग शुक्रबार भएको छलफलपछि उनले विशेष महाधिवेशन पक्षधरलाई वार्ताका लागि बोलाएका हुन् ।

विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान सञ्चालन गर्ने नेतामध्येका एक गुरूराज घिमिरेले वार्ताका लागि कार्यवाहक सभापति खड्काले बोलाएको पुष्टि गरे ।

उनका अनुसार कार्यवाहक सभापति खड्काले विशेष महाधिवेशन पक्षधरलाई शनिबार बिहान साढे ८ बजेका लागि वार्तामा बोलाएका थिए । तर, विशेष महाधिवेशन पक्षधरले भने मौखिक रूपमा गरिएको वार्ताको निमन्त्रणालाई स्वीकार नगर्ने निर्णय गरेको नेता घिमिरेले जानकारी दिए ।

'पार्टीले हामीलाई अफिसियल्ली पत्र व्यवहार गरेकै छैन । हामीले पार्टीलाई अफिसियल व्यवहार गरेका छौं,' घिमिरेले भने-'त्यसकारण अनअफिसियल व्यवहारलाई हामी सम्मान गर्छौं । तर, हामी सहभागी हुँदैनौं ।'

कार्यवाहक सभापति खड्काले वार्ताका लागि बोलाएपछि आफूहरू बैठक बसेको र बैठकबाट वार्तामा सहभागी नहुने निर्णय गरेको उनले बताए ।

कांग्रेसको १४औं महाधिवेशनका झण्डै ५४ प्रतिशत प्रतिनिधिले २९ असोजमा कार्यबाहक सभापति खड्कालाई विशेष महाधिवेशनको लिखित माग बुझाएका थिए ।

विधानअनुसार माग भएको तीन महिनाभित्र महाधिवेशन आह्वान गर्नुपर्छ । विशेष महाधिवेशनको लागि माग गरिएको समयावधि २८ पुसमा सकिन्छ ।

# अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिता सुरु



भैरहवा । रुपन्देहीको भैरहवामा १२औं संस्करणको स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । शुक्रबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सुरु प्रतियोगितामा न्यू मुन एकेडेमी र एभरेष्ट स्कूल विजयी भएका छन् । न्यू मुनले न्यू लाइट सेकेन्डरी स्कूललाई ८ विकेट र एभरेष्टले मुनलाइट इङ्ग्लिस बोर्डिङ् स्कूललाई ४ विकेटले पराजित गरेको छ ।

टस हारेर ब्याटिङको निम्तो पाएको न्यू लाइटले निर्धारित २० ओभरमा १४ ओभर २ बलमा अलआउट हुँदै ६५ रन बनायो । उसका लागि गगन अर्यालले १४ र शुसल खरेलले १० रन बनाए । बलिङमा न्यू मुनका आषिश यादवले ४ र इमरान शेखले ३ विकेट हात पारे ।

जवाफमा न्यू मुनले ७ ओभर ३ बलमा २ विकेट गुमाएर ६६ रन बनाउँदै जित निकाल्यो । उसको जितमा आषिश यादवले नटआउट ३३ र श्रीधर न्यौपानेले १६ रन जोडे । बलिङमा न्यू लाइटका भुवन ज्ञवाली र गगन अर्यालले १-१ विकेट लिए । खेलमा आषिश यादव प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

यस्तै, शुक्रबार नै भएको अर्को खेलमा टस जितेर ब्याटिङ गरेको मुनलाइटले ५ विकेटको क्षतिमा १ सय ३ रन बनायो । उसका लागि भानुबहादुर पाण्डेले २८, सुमन विष्टले नटआउट २४ र हर्षित शाहीले १९ रन जोडे । बलिङमा एभरेष्टका सौगात अर्याल र आदित्य देवकोटाले समान २-२ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको एभरेष्टले १९ ओभर १ बलमा ६ विकेट गुमाएर १ सय ५ रन बनाउँदै जित निकाल्यो । उसको जितमा सुशान्त गौतमले २० र पुरण न्यौपानेले नटआउट १४ रन बनाए । बलिङमा मुनलाइटका सुमन विष्ट र भानुबहादुर पाण्डेले २-२ विकेट लिए । खेलमा आदित्य देवकोटा प्लेयर अफ द म्याच भइ पाँच सय प्राप्त गरे ।

यसअघि प्रतियोगिताको उद्घाटन सत्रमा बोल्दै प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डे, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, संघका संस्थापक अध्यक्ष प्रेमकुमार सेञ्चुरी, सल्लाहकार महेश भूर्तेल, सदस्य प्रथम पराजुलीलगायतले बोल्दै क्रिकेटले नेपाललाई विश्वमाझ चिनाएको जनाए । उनीहरुले भोलिका राष्ट्रिय खेलाडी भनेकै विद्यालय तहबाट उत्पादन हुने भन्दै अनुसाशित र लगनशील भएर खेल्न खेलाडीहरुलाई आग्रह गरे । विद्यालय तहका यस्ता प्रतियोगिताले नयाँ प्रतिभाहरु बाहिर ल्याउन सहयोग पुग्ने उनीहरुको भनाइ छ । रुपन्देही शिक्षासँगै पछिल्लो समय खेलकुदमा समेत हब बनेको उनीहरुले जनाए ।

विद्यालय तहबाट खेलाडी उत्पादन गर्ने उद्देश्यसहित आयोजित प्रतियोगितामा रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ । प्रतियोगितालाई पर्वत ज्वेलर्स भैरहवाले प्रायोजन गरेको छ ।

# नेपाल प्रथमसहित मणिमुकुन्दका १३ जनालाई उच्च शिक्षामा पूर्ण छात्रवृत्ति



बुटवल । नेपाल प्रथमसहित मणिमुकुन्द कलेज बुटवलले २०८२ सालमा एमबीबीएससहितका विषय अध्ययनका लागि लिइएको परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल १३ जना विद्यार्थीहरूलाई सम्मान गरी बुटवल र रुपन्देही जिल्लाव्यापी र्‍याली गरेको छ ।

पूर्ण छात्रवृत्ति पाएका १३ जनामध्ये ५ जनाले एमबीबीएसमा, २ जनाले बीएस्सी एमएलटीमा, ३ जनाले बी फार्मामा, एकजनाले ब्याचलर अफ आयुर्वेद मेडिसिन साइन्समा, एकजनाले पब्लिक हेल्थमा,एकजनाले भेटेनरी साइन्समा र एकजनाले इञ्जिनियरिङमा नाम निकाल्न सफल भएका छन् ।

एउटै कलेजका १३ विद्यार्थीले एकै वर्ष पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल हुनु उत्कृष्ट शैक्षिक संस्था हुनुको नतिजा र ऐतिहासिक सफलता भएको कलेजले भनेको छ ।

कलेज प्रांगणमा विद्यार्थीलाई सम्मान गरी शुरु भएको बाजागाजा सहितको र्‍याली बुटवल नगर परिक्रमा गरी मोतिपुर, सेमलार, मुर्गिया, फर्साटिकर, मणिग्राम, भैरहवा हुँदै कलेजमा आई सम्पन्न भएको थियो ।

मणिमुकुन्द कलेजका विद्यार्थीहरुले यस वर्ष बी फार्मेसी, बीपीएच र भेटेनरी साइन्समा नेपाल प्रथम, फुड टेक्नोलोजीमा नेपाल दोस्रो, इञ्जिनियरिङमा छात्रातर्फ नेपाल पाँचौं र एमबीबीएसतर्फ लुम्बिनी प्रदेश प्रथम स्थान प्राप्त गरेका छन् ।

कलेजबाट सम्मानित हुने विद्यार्थीहरुमा मयुस दाहाल, सुसन कंडेल, प्रबिना मरासिनी, दर्शना गाहा, रमेश भण्डारी, गणेश चौधरी, सञ्जय खराल, दुर्गेशकुमार चौधरी, सुश्रिता अधिकारी, उमा अग्रहरि, आयुष मरासिनी, शिवगोपाल बढई र हेमन्त शर्मा रहेका छन् ।

उत्कृष्ट विद्यार्थीहरुलाई कलेजका प्राचार्य क्षेत्री, सह-प्राचार्य दिवाकर खनाल, संस्थाका सञ्चालक उमापति न्यौपाने, व्यवस्थापन संकाय संयोजक पशुपति चौधरी,विज्ञान संकाय संयोजक लक्ष्मण गैरे, बीबीएस संयोजक दिनेश पाण्डे लगायतले सम्मान गर्दै उच्च शिक्षामा पनि उत्कृष्ट नतिजासहित सफलताको कामना गरेका थिए ।

सो अवसरमा प्राचार्य टुकबहादुर क्षेत्रीले अनुशासन र संस्कारसहितको शिक्षा दिँदै आएको मणिमुकुन्द कलेजका विद्यार्थीले स्थापना कालदेखि नै पूर्ण छात्रवृत्तिमा नाम निकालेर उत्कृष्ट नजिता ल्याउँदै निरन्तरता दिएको बताए । उत्कृष्ट नतिजा आउनुमा विद्यार्थीर शिक्षकको मेहनतको प्रतिफल भएको चर्चा गर्दै क्षेत्रीले अरु विद्यार्थीले यसबाट सिक्नु पर्ने बताए । सफलताका लागि दृढ संकल्प र अनुशासन अपरिहार्य हुने प्राचार्य क्षेत्रीले बताए । कार्यक्रममा विज्ञान संयोजक लक्ष्मण गैरेले मणिमुकुन्द कलेज उपत्यका बाहिरको उत्कृष्ट पठनपाठन हुने संस्था भएकाले हरेक वर्ष छात्रवृत्तिमा धैरै विद्यार्थीले नाम निकाल्न सफल भएको बताए ।

र्‍याली पुगेका स्थानका विद्यालयहरुले उत्कृष्ट विद्यार्थीहरुलाई माला तथा पुष्प अर्पण गरी सम्मान गरेका थिए ।

पञ्चेबाजासहितको उक्त र्‍यालीमा विद्यार्थी, शिक्षक, अभिभावक नाचगानसहित सहभागी भएका थिए । कलेजका विद्यार्थीहरुले यसअघि पनि एमबीबीएस प्रवेश परीक्षामा नेपाल पाँचौं र नेपाल छैठौं स्थानसहित उत्कृष्ट नतिजा प्राप्त गरिसकेका सह-प्राचार्य दिवाकर खनालले बताए ।

# मंसिर १४ गतेदेखि दोस्रो क्यानन सेभेनए साइड फुटबल




बुटवल । बुटवल-८ सुखखानगरस्थित क्यानन माध्यामिक विद्यालयको आयोजनामा दोस्रो क्यानन सेभेन ए साइड फुटबल प्रतियोगिता २०८२ हुने भएको छ । फूटबल खेललाई ब्राण्डको रुपमा स्थापित गरी खेलाडी उत्पादन गर्ने उद्देश्यसहित यहीँ मंसिर १४ गते आइतबारदेखि प्रतियोगिता गर्न लागिएको हो । शुक्रबार विद्यालयले पत्रकार सम्मेलन गरी 'सँगै हामी सक्छौ' भन्ने नारासहित प्रतियोगिता गर्न लागिएको जानकारी गराएको हो । प्रतियोगितामा २७ विद्यालयका ३० टिमबीच प्रतिष्पर्धा हुने विद्यालयका प्राचार्य शंकर भण्डारीले बताए । उनले पहिलो संस्करणको सफलताबाट प्रेरित भएर यो वर्ष झनै सुदृढ र व्यवस्थित रुपमा प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । उनले विद्यालयले फुटबलसहित चित्रकला, नृत्य तथा अन्य कुनै पनि अतिरिक्त क्रियाकलापको शुल्क नलिएको बताए ।

विद्यालयका सहप्राचार्य विष्णुप्रसाद न्यौपानेले क्यानन स्कुलले जिल्लास्तरमै खेलकुदको विकास, खेलाडीको क्षमता अभिवृद्धि गर्दै खेलप्रति विद्यार्थीको आकर्षण बढाउन प्रतियोगिता गरिएको बताए ।

प्रतियोगितामा २६ संस्थागत र ४ सामुदायिक विद्यालयको सहभागिता रहने छ । १९ गतेसम्म चल्ने प्रतियोगिता सिद्देश्वरी माविको खेल मैदानमा सञ्चालन हुनेछ ।

प्रतियोगितामा विजेता टिमले ५५ हजार ५५५, उपविजेताले ३३ हजार ३३३, उत्कृष्ट खेलाडीले ३ हजार, उत्कृष्ट गोलरक्षक र गोल स्कोरलाई ३ हजार, हरेक खेलको म्यान अफ दिन म्याचले ५५५ रुपैयाँ प्राप्त गर्ने खेल संयोजक पवन बस्यालले जानकारी दिए ।

गत वर्षको विजेता स्कलर्स होम बोर्डिङ् स्कूल र नविन कदरबहादुर रीता मावि रहेका थिए । प्रतियोगिता सम्पन्न गर्न ५ लाख ६० हजार रुपैयाँ खर्च लाग्ने विद्यालयका प्राचार्य भण्डारीको भनाइ छ ।

विद्यालयले पढाइसँगै अतिरिक्त क्रियाकलापलाई पनि जोड दिएको छ । केही दिनमा लगत्तै कक्षा ४ देखि ७ सम्मका विद्यार्थीलाई चाइनिज भाषा पनि सिकाउने गरी कक्षा सञ्चालनको तयारीमा रहेको छ । पत्रकार सम्मेलनमा विद्यालयका प्राचार्य भण्डारी, सह-प्राचार्य न्यौपानेसहित नेपाल पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, खेलकुद पत्रकार मञ्च रूपन्देहीका अध्यक्ष सुमन अधिकारीले प्रतियोगिहरूको टाइसिट सार्वजनिक गरिएको थियो ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com